लेखापरीक्षण प्रतिवेदन

गुलरिया नगरपालिका, बर्दिया

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

गुलरिया नगरपालिका, बर्दिया

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/642

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

गुलरिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बर्दिया।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२२ करोड ५ लाख ४३ हजार ,गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २२ लाख २० हजार र राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रमको रु. ८ लाख ५० हजार समेत गरी रु. २२ करोड ४० लाख २८ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. १ अर्व ९४ करोड ४४ लाख ८२ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड २९ लाख ९० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा नगरपालिकाले तोकिएबमोजिम फस्यौंट गरि संपरीक्षणका लागि पेश गरेको छैन।बाँकी बेरुजु रु. २ करोड २९ लाख ९० हजारमध्ये असुल गर्नुपर्ने रू. ५३ लाख ४७ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६० लाख ९ हजार र नियमित गर्नुपर्ने रु. १ करोड १६ लाख ३४ हजार रहेको छ। गत वर्षसम्म रु. ३६ करोड ४६ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा रु. २ करोड ३४ लाख ८६ हजार संपरीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु. ३६ करोड ४१ लाख ३६ हजार रहेको छ।बेरुजु

वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गुलरिया नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गुलरिया नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या				दफा संख्या			असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
७५	८९	२,२९,९०,२५२	०	०	०	०	७५	८९	२,२९,९०,२५२	५३,४७,३८७	१,१६,३४,२०७	६०,०८,६५९	०	०	१,७६,४२,८६६	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बर्दिया	३६,४६,३२,०००	०	२,३४,८६,३०९	३४,११,४५,६९१	०	२,२९,९०,२५२	३६,४१,३५,९४३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	२७	शर्शर्तको अनुदान बढि खर्च	५२,४१,०८७
२	२०७९/८०	८९	वडा नं. ९ गोडियनपुर देखी टेपरी जाने अधुरो कालोपत्रे सडक निर्माण	४,२४,८००
३	२०७९/८०	२५	बिमा ब्यबस्था र भुक्तानी	३,८५,२७३
४	२०७५/७६	२०	बैठक भत्ता	२५,२०,०००
५	२०७५/७६	२३	हितकोष कट्टी रकम	२४५,७५०
६	२०७५/७६	५०	बेदर्तालाइ मु अ कर	५०,३९०

७	२०७५/७६	११३	डि पि आर को भुक्तानी	१९,९६,७१४
८	२०७५/७६	२४	बैठक भत्ता	१०,०००
९	२०७५/७६	६३	जिन्सी दाखिला	१,७५,०००
१०	२०७५/७६	६५	बिमा दाखिला प्रमाण	२,१८,७०१
११	२०७५/७६	७०	बिमा दाखिला प्रमाण	3,३७,४००
१२	२०७५/७६	७३	मु अ कर दाखिला	४,८४,१७९
१३	२०७४/७५	३८.१	बैठक भत्ता	२१,१६,५००
१४	२०७४/७५	३७	स्थानीय तहका पदाधिकारीको तलब भत्ता	८७,१२,०००
१५	२०७४/७५	१६	सहभागी भत्ता	११,४००
१६	२०७४/७५	३२	बैठक	३४,४२५
१७	२०७४/७५	३८	पदाधिकारीको बैठक भत्ता	१,७०,८५०
१८	२०७६/७७	३३	राजश्व दाखिला	३५१८४०.५०
जम्मा				२,३४,८६,३०९

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम
विगतको लेखापरीक्षण बक्यौता नरहेको।	

(८०५५८४०१३०० - गुलरिया नगरपालिका, बर्दिया)

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कुल ७१९९१ जनसंख्या रहेको यस नगरपालिका अन्तर्गत १२ वडा र ११८.२१ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।०९ देखि २०८१ ।०५।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- नगरपालिकाको आय – व्ययतर्फ रु. १ अर्व ९४ करोड ४४ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा गत बर्ष विभिन्न समयमा कट्टि गरी बाँकी रहेको कर रकम लेखापरीक्षणबाट औल्याएपश्चात रु. ३१,०८,०५४ दाखिला भएको भौचर प्राप्त भएको छ ।

सि.नं	बिवरण	दाखिला मिति	रकम रु.
१	अग्रिम कर	२०८१/५/१२ र १३	१६७६१६१
२	पारिश्रमिक कर	२०८१/५/१२ र १३	५६०२२५
३	बहाल कर	२०८१/५/१२ र १३	४४८३५३
४	मूल्य अभिवृद्धि कर	२०८१/५/१२ र १३	२८७०२८
५	सामाजिक सुरक्षा कर	२०८१/५/१२ र १३	१३६२८५
	जम्मा		३१,०८,०५४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१६,०७,४१,८३२.९३	०	१६,०७,४१,८३२.९३	१४,४९,७३,२१५.९४	०	१४,४९
१३०००	अनुदान		४९,४४,५१,७२४.१८	०	४९,४४,५१,७२४.१८	६१,९१,७७,२२०.४४	०	६१,९
१४०००	अन्य राजस्व		१,९०,९३,८१८.५२	०	१,९०,९३,८१८.५२	२,४९,०४,२४९.०५	०	२,४९,
क	**कुल जम्मा प्राप्ति**		६७,४२,८७,३७५.६३		६७,४२,८७,३७५.६३	७८,९०,५४,६८५.४३		७८,९
३	चालु		४८,०२,८२,११०.१४	०	४८,०२,८२,११०.१४	४८,८८,३८,९१२.९०	०	४८,८
२१०००	पारिश्रमिक / सुविधा		२०,६२,५९,७९९.२७	०	२०,६२,५९,७९९.२७	२४,२९,०८,०२४.३४	०	२४,२
२२०००	मालसामान तथा सेवाको उपयोग		१६,०२,३२,३०७.१६	०	१६,०२,३२,३०७.१६	१५,५४,०८,७९४.३६	०	१५,५
२५०००	सहायता (Subsidy)		११,२५,१५,५१७.७१	०	११,२५,१५,५१७.७१	८,८५,२०,१५३.२०	०	८,८५,
२७०००	सामाजिक सुरक्षा		६०,०००.००	०	६०,०००.००	५,१५,५४१.००	०	५,१५,
२८०००	अन्य खर्च		१२,१४,४८६.००	०	१२,१४,४८६.००	१४,८६,४००.००	०	१४,८
४	पूंजीगत		२७,८१,०९,३३९.००	०	२७,८१,०९,३३९.००	३२,४६,३८,०८३.००	०	३२,४
३१११०	भवन तथा संरचना		१,६६,६७,६२५.००	०	१,६६,६७,६२५.००	४,४८,४५,८०५.००	०	४,४८,
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		४४,२४,६४७.००	०	४४,२४,६४७.००	५९,८०,९८९.००	०	५९,८
३११३०	अन्य पूँजीगत खर्च		०	०	०	२१,६६,८१६.००	०	२१,६
३११५०	सार्वजनिक निर्माण		२५,७०,१७,०६७.००	०	२५,७०,१७,०६७.००	२७,०५,१०,२५८.००	०	२७,०
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	९९,९६६.००	०	९९,९
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	१०,३४,२४९.००	०	१०,३

ख)	**कुल जम्मा भुक्तानी**		७५,८३,९१,४४९.१४		७५,८३,९१,४४९.१४	८१,३४,७६,९९५.९०		८१,३
ग)	**बचत /कमी (ग = क-ख)**		(८,४१,०४,०७३.५१)		(८,४१,०४,०७३.५१)	(२,४४,२२,३१०.४७)		(२,४४
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)**		(२,०५,४१,७३८.८२)		(२,०५,४१,७३८.८२)	(३,४९,३३,६१३.३७)		(३,४९
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**		(३३,९१,८८७.५९)		(३३,९१,८८७.५९)	-४१,४५२.००		-४१,४
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		(१०,४६,४५,८१२.३३)		(१०,४६,४५,८१२.३३)	(५,९३,५५,९२३.८४)		(५,९३
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		१५,३२,०२,९९९.७८		१५,३२,०२,९९९.७८	१८,२८,०३,२७४.६२		१८,२
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		४,८५,५७,१८७.४५		४,८५,५७,१८७.४५	१२,३४,४७,३५०.७८		१२,३

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २२,०५,४३,३८४, गरिबसँग विश्वेष्वर कार्यक्रमको लागि रु ४,१४,९९१ राष्ट्रपती महिला सशक्तीकरण परियोजना कार्यक्रमको रु ८,५०,००० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु २२,२०,००० गरी कुल रु २२,४०,२८,७७५.१८ सुत्रबाट तयार भएको प्राप्ती र भुक्तानीको एकिकृत वित्तीय प्रतिवेदन खण्डमा समावेश छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबारको तथ्याङ्क सुत्रबाट तयार हुने वित्तीय प्रतिवेदन भागमा देखिने गरी वित्तीय प्रतिवेदनलाई यथार्थरक बनाइनुपर्दछ ।

४ **फरक हिसाव**

पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. २,२०,०१,१२६.९४ यस वर्षको प्राप्ति रु. २६,२२,३०,३८१ यस वर्षको भुक्तानी रु. २४,९५,७१,०७२.५१ र बैङ्क मौज्दात रु. १,११,९९,९१९.७७ ले फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण

आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी (व्यय)	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१५३२०२९९९	६७४२८७३७५	७५८३९१४४९.१४	४८५५७१८७
एकीकृत आर्थिक विवरण अनुसार	१३१२०१८७२.०६	९३६५१७७५६	१००७९६२५२१.५१	५९७५७१०६.७७
फरक	**२२००११२६.९४**	**२६२२३०३८१**	**२४९५७१०७२.५१**	**११११९९१९.७७**

५ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार अन्तिम मौज्दात अर्थात यो बर्षको शुरु मौज्दात रु. १२,८१,९१,५६० रहेकोमा वित्तीय प्रतिवेदनमा रु १५,३२,०२,९९९.७८ र एकिकृत आय व्यय विवरणमा रु १३,१२,०१,८७२.०६ जिम्मेवारी सारेको देखिन्छ । यसरी बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

६ **बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसारवर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	२११९८८१८.३५	१४४९९०४०.१७	६६९९७७८.१८
चालु खर्च खाता	०	१२७३२५९.२४	(१२७३२५९.२४)
पुँजीगत खर्च खाता	०	१०१६००४३	(१०१६००४३)
आन्तरिक अनुदान खाता	०	०	०
विविध खर्च खाता	९८९९७०८	९७३९७०८	१६००००
स्थानीय तह धरौटी खाता	१९१२३३७२.७८	१९१२३३७२.७८	०
स्थानीय तह विविध कोष खाता	६६१२५६५.६७	६६१२५६५.६७	०
स्थानीय तह विभाज्य कोष	०	०	०
स्थानीय तह प्रकोप व्यवस्थापन	२९२२६४१.९७	२९२२६४१.९७	०
आन्तरिक राजस्व खाता	(८५१२७४५.५४)	४२३३१६२.९४	(१२७४५९०८.४८)
बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
खाताको नाम नखुली मौज्दात देखाएको	७२७७१३.८१	०	७२७७१३.८१
बैङ्क मौज्दात	५,१९,७२,०७५.०४	६,८५,६३,७९३.७७	(१६५९१७१८.७३)

बैंक विवरणले असार मसान्तमा रु. ६,८५,६३,७९३.७७ मौज्दात रहेकोमा सुत्र प्रणालीमा बर्षान्तमा स्रेस्ता अनुसार मौज्दात बाँकी रु ५,१९,७२,०७५.०४ देखाएको छ । यसरी स्रेस्ता भन्दा बैंक बढी देखिएको सम्बन्धमा पालिकाले हिसाम मिलान विवरण

(म.ले.प.फा.नं. २१२) पनि तयार गरेको छैन । तोकिएको लेखा अभिलेख फाराम तयार नगर्ने कमजोरीमा सुधार गरी फरक रकम सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

· सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।

समयमै आन्तरिक नियन्त्रण प्रणाली बनाई प्रभावकारी रुपमा लागु गर्नुपर्ने भनी बिगतका प्रतिवेदनहरुमा औल्याइएकोमा स्थिति यथावत रहेको पाइयो । कानूनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

८ **योजना तथा वजेट कार्यान्वयन**

पालिकाको योजना तथा बजेट कार्यान्वयनको क्रममा देखिएका केही प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• स्थानीय सरकार ऐन २०७४ को दफा २४ मा पालिकाले स्थानीय स्तरमा नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा लक्ष्य अनुकुल हुने गरी आवद्यिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था भए अनुरुप आवद्यिक योजना बनाई कार्यान्वियन गरेको पाइएन

• दिगो बिकासका लक्ष्य तथा संघ र प्रदेशको आवधिक योजनासँग सामञ्जस्य हुने गरी आयोजना छनौट गर्न स्थानीय स्तरको आयोजना बैंक वा आयोजना सूचि बनाई कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

• आर्थिक वर्षको अन्त्यमा बढी पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. २७ करोड ८१ लाख ०९ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ९४ लाख ५६ हजार, दोश्रो त्रैमासिकमा रु. ४ करोड ६० लाख ०९ हजार, तेस्रो त्रैमासिकमा रु. ८ करोड ४४ लाख ७४ हजार, चौथो त्रैमासिकमा रु. १२ करोड ८१ लाख ६९ हजार र असार महिनामा मात्रै रु. ७ करोड ३५ लाख ४३ हजार खर्च भएको देखिन्छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च गर्नुपर्दछ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० लाख भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा बार्षिक योजना तयार गर्नुपर्नेमा पालिकाले रु २७ करोड ८१ लाखको पूँजिगत खर्च गरेकोमा बार्षिक खरिद योजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले कुनै शिर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाको हिउँदे नगरसभाको निर्णयबाट कार्यक्रम संशोधन गरी शुरु बजेटमा रु ३,४९,३१,६०७

घटाएको र रु ३,६७,९२,५००.२६ बढाई रकमान्तर गरेको देखिन्छ । स-साना योजनाहरुमा रकम विनियोजन गर्ने र हिउँदे अधिवेशनबाट योजना संशोधन गर्ने परिपाटीमा सुधार हुदै जानुपर्दछ ।

• आन्तरिक राजस्व अनुमानमा कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण गरेको पाइएन ।

• पालिकाको स्थानीय राजस्व अभिवृद्धिको लागि राजस्व सुधार योजना तयार गरी सो अनुरुप राजस्व संकलनका विधि, उपकरण तथा जनशक्ति परिचालन गर्नुपर्नेमा गरेको पाइएन ।

• स्थानीय तथ्याकं तथा अभिलेख व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयन गरेको पाइएन । यसबाट स्थानीय तथ्याकं व्यवस्थापन प्रणाली भरपर्दो र विश्वसनिय देखिएन ।

तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्दछ।

९ ठेक्का व्यवस्थापनः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

- आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं.५०५) तयार नगरेको ।
- नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।
- सम्पन्न आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने नगरेको ।
- आयोजना कार्यान्वयनमा पालिकाले गुणस्तर परीक्षण गर्ने गरेको भएतापनि आयोजना ठेक्कामा गुणस्तर आश्वस्तता योजना पेश गर्ने तथा गर्न लगाउने र सो अनुरुप गुणस्तर कायम भए नभएको मूल्याङ्कन नगरेको ।
- सम्झौता अनुसार कार्यसम्पन्न भई कार्य स्वीकार प्रतिवेदन जारी भएर त्रुटी सच्चाउने अवधि बाँकी भएका ठेक्काहरुको सम्बन्धमा अनुगमन गरी मर्मत गराउन लगाएको अभिलेखबाट देखिएन । यसबाट खरिद कानूनमा भएको त्रुटी सच्याउने अवधि सम्बन्धी व्यवस्थाको परिपालना सहि तवरले भएको छ भनी आश्वस्त हुन सकिएन ।

पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका अभिलेख समेत नराख्ने कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वयन तथा मूल्याकंन कार्यलाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाइनुपर्दछ ।

१० उपभोक्ता समिति परिचालनः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा देखिएका केही व्यहोराहरु निम्नानुसार छनः

· आयोजनाको अनुगमन गर्ने गरेको भएतापनि त्यस्तो अनुगमन कार्य मापनिय सूचकको आधारमा नभइ सामान्य फाराममा भुक्तानीको सिफारिसमा मात्र सिमित रहेको,

· लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा समेत नापजाँच गरी भुक्तानी दिने गरेको,

· लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको,

पालिकाको उपभोक्ता समिति परिचालनमा देखिएका उपर्युक्त कमजोरीहरु समयमै सुधार गरी आयोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

११ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ सँग सम्बन्धित अनुसूची ११ मा आयोजना प्राथमिकिकरणका सामान्य आधार र क्षेत्रगत आधारहरु उल्लेख भएकोमा सोही बमोजिम योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार वडाको लागि वडागत र पालिकास्तरका गरी कुल योजनामा वजेट विनियोजन गरेकोमा रु ५ लाख मुनिका आयोजना मात्रै कुल आयोजनाको ८५.६९ प्रतिशत रहेको देखिन्छ । योजना तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिम योजना छनौट नगर्ने र स–साना टुक्रे आयोजनामा रकम विनियोजन गरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या	स्वीकृत मध्ये कार्यान्वयन नभएको योजना
१.	पालिकास्तरीय	१२०	२४	४१	५५	०
२.	वडा स्तरीय	५१६	०	२६	४९०	११
जम्मा		**६३६**	**२४**	**६७**	**५४५**	**११**

१२ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म विभिन्न विषयगत ऐन ९, नियमावली ३ र कार्यविधि तथा निर्देशिका ५० गरी ६२ कानुन मात्र निर्माण गरेको छ । बनाइएका कानून तथा बाँकी अन्य बिषयगत कानूनहरु पनि समयमै तयार गरी प्रभावकारी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत आर्थिक बर्षसम्म फर्स्यौट नभई यो आर्थिक बर्षमा जिम्मेवारी सरेका मुद्दा सँख्या ५, यो आर्थिक बर्षमा दर्ता भएका मुद्दा सँख्या ४५ गरी कुल ५० वटा मुद्दा तथा उजुरी रहेकोमा ४१ मुद्दा तथा उजुरी फर्स्यौट भई ९ वटा मुद्दा आगामी बर्षको लागि जिम्मेवारी सरेको देखिन्छ । बाँकी मुद्दा पनि समयमै फर्स्यौट गरिनुपर्दछ ।

१४ **सफ्टवेयर खरिद र प्रयोग**

पालिकाबाट प्राप्त विवरण अनुसार अनलाइन कर संकलन प्रणालीको लागि आर्थिक बर्ष २०७९/०८० मा रु ९,९६,६६० मा खरिद गरेकोमा सो को मर्मतको लागि यो बर्ष ९९,६६६ खर्च गरेको छ ।आफैले प्रयोगमा ल्याएको यस्तो सफ्टवेयरको डाटा स्टोरेज, डाटा परिवर्तन तथा डाटा सुरक्षाको पाटोमा आश्वस्त हुन सकिने गरी भरपर्दो सुरक्षा तथा अनुगमन व्यवस्था भएको पाइएन । सञ्चालित सफ्टवेयरहरु सम्बन्धीत निकायबाट स्वीकृति लिई सञ्चालन भएको प्रमाण पनि पेश हुन आएन । उल्लिखित कमजोरीमा सुधार गर्दै सफ्टवेयरलाई सुरक्षित, विश्वसनिय, र भरपर्दो बनाइनुपर्दछ ।

१५ **कन्टिन्जेन्सी खर्च**

पालिकाले तयार गरेको अभिलेख अनुसार कुल लागत अनुमान रु १९,२७,७०,१७२.६९ मा गत बर्ष रु १८,१७,९५७ र यो बर्ष रु १५,६७,१७७ गरी कुल रु ३३,८५,१३४ खर्च गरेको छ । लागत अनुमानको तुलनामा उक्त खर्च १.७५ प्रतिशत रहेको छ । यो बर्ष भएको खर्च मध्ये रु ८,३०,५१८ मस्टरोल ज्यालामा, रु इन्धनमा रु १,२३,१२६, मर्मतमा रु १,२६,६५८, सूचना प्रकाशनमा रु ३,९६,९०० लगायतमा खर्च गरेको छ । पालिकाले उपलब्ध गराएको उक्त विवरण १२ वटा योजनाको मात्र रहेको देखिन्छ । तसर्थ

कन्टिन्जेन्सी खर्च गरिएका सबै योजनाहरुको अभिलेख व्यवस्थीत गरी पूँजिगत प्रकृतिका खर्चमा कन्टिन्जेन्सीलाई केन्द्रीत गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा दरबन्दी एकिन गरेको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकेको नगरपालिका कार्यालयको दरबन्दी तेरिज अनुसार विभिन्न पदमा वडा कार्यालय समेत कुल ७१ जना रहेकोमा यो बर्ष कुल स्थायी ६४ र करार तर्फ ७९ समेत १४३ जनालाई कर्मचारी पारिश्रमिक शिर्षकमा रु.४,०४,२५,५१६ खर्च मध्ये करार सेवा शुल्क शिर्षकमा रु १,८९,९२,६८७ खर्च लेखेको छ। कार्यबोझ, कार्यपरिमाण तथा आन्तरिक आय समेतलाई ध्यान दिई तथा संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट दरबन्दी एकिन नगरी तलब भत्तामा खर्च लेख्ने निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाईनुपर्दछ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था भएतापनि पालिकाले असिस्टेन्ट सव इन्जिनियर ३ जना नियुक्त गरी रु १३,१३,१७८ तलब भत्ता खर्च लेखेको नियमसंगत देखिएन। यस सम्बन्धमा कार्यालयले लोक सेवा आयोग माग गरेको तर पदपूर्ति भै नसकेकोले करार नियुक्ती गरी कार्य सञ्चालन गर्नुपरेको जनाएको छ ।

१७ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ मा तलवी प्रतिवेदन पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै लुम्बिनी प्रदेश निजामती सेवा ऐन २०८० को दफा ४७ (४) मा प्रदेशको कुनै कार्यालयमा कार्यरत निजामती कर्मचारीको तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गरिने छैन भन्ने उल्लेख छ । यस वर्ष पालिकाले कर्मचारी पारिश्रमिक शिर्षकमा रु. ४,०४,२५,५१६ खर्च लेखेकोमा नगरसभाबाट वा सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित भएको देखिएन।तलबी प्रतिवेदन वा विवरण नहुँदा खर्च लेखिएको तलब स्केल र ग्रेडको यथार्थता भिडान गर्न सकिएन। तलवी प्रतिबेदन पारित विना तलब खर्च लेख्ने परिपाटिमा सुधार हुनुपर्दछ ।

१८ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९९ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले कानूनको उक्त व्यवस्था पालना नगरी यस वर्ष आन्तरिक श्रोतबाट कर्मचारी कल्याण कोषमा रु. २० लाख ट्रान्सफर गरेको छ । कानूनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१९ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पालिकाले यस सम्वन्धी कार्य सम्पादन प्रोत्साहन भत्ता व्यवस्थापन कार्यविधि २०७६ मापदण्ड बनाए पनि उक्त कार्यविधिको परिच्छेद २ मा उल्लेखित भत्ता पाउने आधार अवलम्वन नगरी यो वर्ष कर्मचारीहरुलाई रु ३६,९३,०४० प्रोत्साहन तथा पुरस्कार बापत प्रदान गरेको छ। यस्तो सुविधा कार्यविधि द्वारा निर्धारित मापदण्ड र आधार बमोजिम थप व्यवस्थित बनाइनुपर्दछ।

२० **कानुनी तथा प्रेस सल्लाहकार**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ।तर पालिकाले कानुनी

सल्लाहकारको रुपमा संजिव कुमार कर्ण र प्रेस संयोजकको रुपमा ज्योती पन्थी दुवैलाइ मासिक रु.३२,५७२ को दरले १२ महिनाको रु.७,८१,७२८ खर्च लेखेको छ । यस्ता प्रकृतिका खर्च कानूनद्धारा व्यवस्थित हुनुपर्दछ ।

२१ **महोत्सव तथा अन्य खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।साथै उक्त ऐन अनुसार संस्था, समूह, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर नगरपालिकाले यस वर्ष विभिन्न उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यका लागि रु. खर्च गरेको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ।केहि उदाहरण निम्म बमोजिम छनः

गो भौ नं मिति	विवरण	रकम
२१६/२०८०।०८।२०	छठ पुजा मनाउन छठिभैया पुजा समिति गुलरियालाई भुक्तानी	६,००,०००
२१७।२०८०।८।२०	रामलिला देखाउने प्रयोजनका लागि रामलिला व्यवस्थापन समितिलाइ भुक्तानी	५,००,०००
२६६।२०८०।९।२	वडा नं १०मा दुर्गा पुजा समारोहलाइ भुक्तानी	१,५०,०००
२७२।२०८०।९।३	तिज गित प्रतियोगिताको लागी भुक्तानी	२,००,०००
४६५।२०८०।११।३	माघी महोत्सव वापत थारु कल्याणकारी सभा जिल्ला कार्य समितिलाइ भुक्तानी	८,४८,१४९

२२ **वितरणमुखि कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यो बर्ष निम्नानुसारका बितरणमुखी कार्यक्रमहरु सञ्चालन गरेको पाइयो ।यस्ता प्रकृतिका खर्च गर्दा पालिकाले कार्यक्रमको सामाजिक उपलब्धी, वितरित सामानको दिगो उपयोगको व्यवस्था जस्ता पक्षलाई ध्यान दिई उत्पादनशिल नदेखिएका खर्चहरु नियन्त्रण गर्दै जानुपर्दछ । यस सम्वन्धमा देखिएका केही उदाहरण निम्नबमोजिम छन।

भौ नं/मिति	प्रयोजन	भुक्तानी रकम
२२६/२०७९-११-११	वडा नं ६ का स्वयं सेविकालाइ रेनकोट वितरण	४३५००
३१८/२०७९-१२-०६	वडा नं २ का महिला स्वयंसेविकालाइ झोला वितरण	१९७५०
३५३/२०७९-१२-२१	वडा नं ३ का एकल महिलालाई सिरक वितरण	४७४३२८
विभिन्न	वडा नं ९ का महिलालाई सिरक वितरण	५९९९७३
३७५/२०८०-०१-१४	वडा नं १० का महिलालाई सिरक वितरण	१७०८५६

२३ **आर्थिक सहायता**

कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन।आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले खास प्रतिफल नदिने हुन्छ।यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएको भएतापनि पालिकाले विभिन्न व्यक्तिहरुलाई बाढी पिडित राहत, बेसहारा खाद्यान्न, औषधीउपचार लगायतको लागि उद्दार, राहत र पुनर्स्थापना लगायतमा रु १६,२२,२३१ खर्च लेखेको छ यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ ।

२४ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन**

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ क को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ बमोजिम रु २० लाख मुनीको परामर्श सेवा खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा परामर्शदाताबाट लिखित रुपमा आर्थिक र प्राविधिक प्रस्ताव छुट्टा छुट्टै माग गरी मूल्याङ्कन गरी सोही अनुसार खरिद कारवाहीको व्यवस्था छ । पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा रु १८,३४,३१९ खर्च गरेको छ । पत्रपत्रिका तथा सूचना प्रकाशनमा खर्च गर्दा लिखित दर माग गरी न्यून दर कबोल गर्ने सँग सम्झौता मार्फत भुक्तानी गर्नुपर्नेमा सो नगरी विभिन्न सञ्चार माध्यमलाई रकम भुक्तानी गर्ने गरेको देखिन्छ ।पालिकाले सकेसम्म उपर्युक्त व्यवस्था बमोजिम प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने र विज्ञापन ऐनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

२५ **कार्यालय सम्बन्धि खर्च**

कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामाग्रीमा रु. ३४,०९,२७१ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

२६ **इन्धन खर्चको मापदण्ड**

लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा ७ मा इन्धन सुविधा सम्बन्धी व्यवस्था रहेको छ । त्यस्तै पालिकाले पनि इन्धन खर्च व्यवस्थीत गर्न मापदण्ड तयार गरेको देखिन्छ । तर पालिकाले इन्धन खर्चको लागि मापदण्ड तयार गरेको भएतापनि यो बर्ष ट्र्याकटर २ एम्बुलेन्स १ डोजर १ रोलर १ ग्रेडर १ जिप १ शवबाहन १ र मोटरसाइकल स्कुटर गरी ३४ सवारी साधनको लागी इन्धनमा रु ५४,३२,३०७ खर्च गर्दा चारपाङ्ग्रे र दुइपाङ्ग्रे सवारी साधन अनुसार इन्धन खर्चको बार्षिक विवरण तयार गरेको देखिएन । उल्लिखित विवरण नहुँदा सो मापदण्ड बमोजिम इन्धन खर्च भए नभएको विश्लेषण गर्न सकिएन । तसर्थः उल्लिखित कमजोरीमा सुधार गरी इन्धन खर्चलाई व्यवस्थीत र मितव्ययी बनाउनुपर्दछ ।

२७ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीमा सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले यो बर्ष कुल ३४ सवारी साधनको मर्मत शिर्षकमा रु ३३,७८,९९६ खर्च गरेकोमा कतिपय भौचरमा (म.ले.प.फा.नं. ४१५) मर्मत सम्भार तथा अभिलेख संरक्षण खाता संलग्न नगरी खर्च लेखेको पाइयो । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२८ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। कार्यालयले वडाकार्यालय तर्फका गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। वडा कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual

दाखिला गरेको देखियो।वडा कार्यालयले खरिद गरेका जिन्सी सामान पालिकाको PAMS मा जिन्सी दाखिला गरि जिन्सी व्यवस्थापनलाइ प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२९ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले बार्षिक आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन तयार गरेको भएतापनि प्रत्येक त्रैमासिक समाप्तीमा लेखापरीक्षण गरेको देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई सो बाट कायम भएका बेरुजु समयमै फर्स्यौट गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३० **आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरुः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ३३ (८) मा आन्तरीक लेखापरीक्षण प्रतिबेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै फछ्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यबस्था छ । कार्यालयले ऐनको सो व्यवस्था अन्तर्गत अन्तिम लेखापरीक्षण अघि आन्तरिक लेखापरिक्षणबाट औंल्याइएका वेरुजु फर्स्यौट नगरेकोले फर्स्यौट गर्नुपर्ने रु

३०.१ **प्रमाण र अनियमित व्यहोराहरुः**

सि.न.	आलेप दफा न	व्यहोरा	रकम
१	१	**विद्युत जरिवानाः** नगरपालिकातर्फ गो भौ.न. ८८ मिति २०८०।०६।२९ मा विद्युतको विल भुक्तानी गर्दा रु. १५५७ जरिवाना भुक्तानी भएको र गो भौ.न. ११९ मिति २०८०।०७।२१ मा विद्युतको विल भुक्तानी गर्दा रु. १७६७ समेत गरी कुल ३३२४ जरिवाना भुक्तानी भएकोले अनियमित देखिएको रु.	३३२४
२	३	**वितरणको भरपाईः** पालिका चालुतर्फको भौ.न. २९४ मिति २०८०।०९।२६ मा १३५ थान ज्याकेट प्रति गोटा रू १७६३ (मू.अ.कर समेत) मा खरिद गरी वितरण गरेकोमा १३१ थानको मात्र भरपाई पेश भएकोले बाकी ४ थान ज्याकेटको रु. ७०५२ बरावरको भरपाई पेश गर्नुपर्ने रु.	७०५२
३	७	**जिन्सी दाखिलाः** गो भौ. नं. ४६ मिति २०८१/०२/११ मा सञ्चालन भएको अभिमुखीकरण कार्यक्रममा ५० जना सहभागी भएको देखिन्छ । ५० जनालाई स्टेशनरी बितरण गरेको भरपाई बाट देखिन्छ । स्टेशनरी १०० थान खरिद गरेको देखिएकोले बाकीं ५० थान स्टेशनरी प्रयोग भएको नदेखिएकोले ५० थान स्टेशनरीको मूल्य रु २,५०० कार्यालयको जिन्सीमा दाखिला गर्नुपर्ने देखिन्छ ।	२५००
४	८	गो भौ. नं. ४७ मिति २०८१/२/२८ मा सञ्चालन भएको अभिमुखीकरण कार्यक्रममा ५० जना सहभागी भएको र ४८ जनालाई स्टेशनरी वितरण गरेको भरपाई बाट देखिन्छ । स्टेशनरी सामान १०० थान खरिद गरेको देखिएकोले बाकी ५२ थान स्टेशनरी प्रयोग भएको नदेखिएकोले ५२ थान स्टेशनरी को हुन आउने मूल्य रु २,६०० कार्यालयमा दाखिला गर्नु पर्ने देखिन्छ ।	२६००
५	९	गो भौ. नं. ७० मिति २०८१/३/२० मा शिला शाहले कार्यक्रमको लागि २० थान डायरी र पेन रु. ८,६०० को खरिद गरेको देखिएको तर वितरण गरेको भरपाई नभएको हुदा वितरण भयो कि भएन एकिन गर्न सकिएन । अत उक्त सामाग्री वितरण गरेको भरपाई पेश गरि नियमित गर्नु पर्ने वा सामाग्री कार्यालयमा दाखिला गर्नु पर्ने देखिन्छ ।	८६००

प्रमाण पेश नगरेको	२४,०७६

३०.२ **असुली व्यहोराहरुः**

सि.न.	आलेप दफा न	व्यहोरा	रकम
१	४	गो भौ. नं ३१ मिति २०८०।०६।३० मा बर्मा कन्सट्रक्सनलाई रु २०,८८,२९४ भुक्तानी भएकोमा रनिङ्ग बिल तथा भ्याट बिल रु २०,८८,१९४ मात्रको पेश भएकोमा रु.१०० बढी भुत्तानी हुन गएकोले असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।	१००
२	५	गो भौ. नं. १३ कृषी चालु तर्फ मिति २०८०।०९।२३ मा अनुदानको रासायनिक मलखाद बिक्रेतासंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षकहरुले प्रशिक्षण भत्ता लिएकोमा प्रशिक्षक स्यंम सहभागी समेत भै दोहोरो भत्ता लिएको देखिएको हुदा महादेव शाह रु १,००० र निशा चौधरी रु. १००० गरी जम्मा २, ००० दोहोरो भत्ता असुल गर्नु पर्ने देखिन्छ ।	२०००
३	६	गो भौ. नं. ३२ कृषि चालु तर्फ मिति २०८१।०१।१७ मा अभिमुखिकरण कार्यक्रममा प्रशिक्षकहरुले प्रशिक्षण भत्ता लिएकोमा प्रशिक्षक स्वंम सहभागी समेत भै दोहोरो भत्ता लिएको देखिएको महादेव शाह रु २०० र निशा चौधरी रु. २०० समेत जम्मा रु. ४०० दोहोरो भत्ता असुल गनु पर्ने देखिन्छ ।	४००

असुल गर्नुपर्ने	२,५००

३१ भ्रमण प्रतिवेदन

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने साथै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने उल्लेख छ । पालिकाले यो बर्ष विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार नगरपालिका चालु शिर्षकबाट रु २१,१३,७३३ खर्च लेखेको छ । कार्यालयले भ्रमण अभिलेख तयार गरेको भएतापनि भ्रमणको उदेष्य अनुरुप भ्रमण प्रतिवेदन तयार गरेको देखिएन।आगामी दिनमा भ्रमणको उदेष्य र उपलव्धी सहितको प्रतिवेदन समावेश गरी योजना तथा कार्यक्रमलाइ थप प्रभावकारी बनाउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३२ व्यक्तिको नाममा भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले कुनै पनि भुक्तानी विद्युतिय प्रणाली मार्फत वा एकाउन्टपेयी चेकबाट भुक्तानी गर्नुपर्ने कानुनी व्यवस्था भएकोमा कतिपय भुक्तानीमा पालिकाले कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्ति तथा फर्मलाई सिधै बैंक खातामा भुक्तानी नगरी आफ्नै कर्मचारी मार्फत भुक्तानी गरेको देखियो । यसरी भुक्तानी दिने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।यसका केहि उदाहरणहरुः

भौ नं मिति	कार्यक्रम	भुक्तानी लिने	रकम
४१२/२०८०।१०।२५	वडा नं ७ को नाली सरसफाई गरे वापत भुक्तानी	दिपक गौतम वडा सचिव	९९०००
९५५/२०८१।३।९	गाउ नगर सरसफाइ कार्यक्रम संचालन वापत भुक्तानी	सुभास चौधरी	४२२५००
९८५/३।१४	सिमराना मन्दिर मर्मत वापत भुक्तानी	प्रकाश चौधरी	९६७३५

३३ कर्मचारी तथा जनप्रतिनिधिहरूलाई अवलोकन भ्रमण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौट गर्दा पालिकाले यस वर्ष कर्मचारी तथा जनप्रतिनिधिहरूलाई अवलोकन भ्रमण शिर्षकमा देहायबमोजिम खर्च लेखेको देखिन्छ । दीर्घकालिन पुँजि निर्माण र विकास निर्माणलाई टेवा नपुग्ने तथा सार्वजनिक श्रोतको मितव्ययी खर्च समेत नहुने भएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।यस्ता प्रकृतिका खर्चको उपादेयता पुष्टी हुनुपर्दछ ।

गो भौ नं मिति	व्यहोरा	संख्या	रकम
३८७/२०८०।१०।१८	कृषक,जनप्रतिनिधी लगायतको टोली तुल्सीपुर घोराही अवलोकन भ्रमण	२५	१६००००
६६३/२०८०।१२।१३	वडा नं ३ का जनप्रतिनिधी र कर्मचारी लुम्विनी कास्की मनकामना धनुषा लगायतका स्थानमा अवलोकन भ्रमण	१४	२०००००
१०२१/३।१८	वडा नं १० का जनप्रतिनिधी र कर्मचारी दाङ कपिलवस्तु लगायतका स्थानमा अवलोकन भ्रमण	२०	१९८८७५
८०५/२०८१।१।२४	वडा नं ७ का जनप्रतिनिधी र कर्मचारी सुदुरपश्चिम अवलोकन भ्रमण	२७ जना	२४९९६०

३४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध शिर्षकबाट रु. २८,९६,५१८ खर्च गरेको देखिन्छ उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु ३,७०,९८,८९९ को तुलनामा करिव ८ प्रतिशत रहेको छ । यस्ता खर्च प्राय खाना, खाजा, होटल विल लगायतमा खर्च हुने गरेको देखिन्छ ।उल्लेखित प्रकृतिका खर्च नियन्त्रण गर्दै उत्पादनमुलक एवं परिणाममुखी कार्यमा खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । विविध खर्चका केही उदाहरण देहाय बमोजिम छन।

भौ नं मिति	विवरण	रकम
४६०।२०८०।११।२	अर्घाखाची होटललाइ भुक्तानी गरी खर्च लेखेको	१,१९,२४४
४६९।२०८०।११।३	लोटस गार्डेन रिसोर्टलाइ भुक्तानी गरी खर्च लेखेको	१,७३,९३६
४७६।२०८०।११।९	गुप्ता चिया पसललाइ भुक्तानी गरी खर्च लेखेको	१,३७,२९९
६८४।२०८०।१२।१६	डाइमण्ड होटल एण्ड पार्टि प्यालेसलाइ भुक्तानी गरी खर्च लेखेको	८७,९६९
७३५।२०८०।१।३	थारु होम रिसोर्ट बवइ रिसोर्ट र समर्थ ग्रुपलाइ भुक्तानी गरी खर्च लेखेको	१,१४,७९९
८४१/२०८१।१।३०	विजया गेस्टलाइ भुक्तानी गरी खर्च लेखेको	९८,७६२
	कुल जम्मा	७,३२,००९

३५ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फर्स्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसारको मोविलाइजेशन पेश्की बाहेकको म्याद नाघेको अन्य पेश्की बाँकी यो वर्ष देहाय बमोजिम रु. ३१,३१,५४५ रहेकोमा नियमानुसार फर्स्यौट हुनुपर्दछ ।

क्र.सं	पेश्की लिनेको नाम	पेश्की बाँकी रकम रु
१	लुभानी कन्स्ट्रक्सन प्रा.लि.	१७,००,०००
२	मैटहवा साइमन प्रा.लि.	१४,३१,५४५
जम्मा		**३१,३१,५४५**

३६ **आयोजना अनुगमन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले

प्रायजसो वडास्तरिय कार्यक्रम वडा अध्यक्ष र नगरस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उप प्रमुखको अध्यक्षतामा रहेको नगरस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यति खर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट उक्त काम सम्झौता अनुसार नै सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सवै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमि कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ । साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

३७ **ओभरहेडः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११मा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने र उल्लेखित लागत अनुमानमा ओभरहेड राख्न मिल्ने अबस्था देखिदैन । कार्यालयले रामघाट मल्टि स्पान ट्रस निर्माणको लागि रिजवान इन्जिनियरिङ्ग उधोग लाई भौचर नं ३९।०८०-७-२३ बाट रु. ३७,५६,०४१ रकम भुक्तानी गर्दाsteel deck र Fabrication of steel parts मा सामान रु. ४,३३,५५६ ओभरहेड समावेश भई भुक्तानी गरेको छ । यसरी समान खरिद कार्यमा ओभरहेड समावेश भई बढि ब्ययभार परेको नियमित नदेखिएको रु

steel deck र Fabrication of steel parts मा सामाग्री कच्चा खरिद गरी पुलको स्पेशिफिकेशन बमोजिमको साईज बनाउदा सो आइटममा ओभरहेड थप हुनुपर्ने कार्यालयको भनाई रहेको छ ।

अनियमित भएको	४,३३,५५६

३८ **अन्य निकायको खर्च**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । सरकारी कार्यालयले सम्पादन गर्नुपर्ने कार्यका लागि आफै LMBIS मार्फत बजेट मागएवम विनियोजन गरी बजेटको सिमा भित्र रहेर खर्च गर्नु पर्दछ ।कार्यालयमा प्राप्त हुने रकम तोकिएको काममा मात्र खर्च गर्न सकिनेमा कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेतकार्यक्रममा बजेट ब्यबस्था गरी निम्न अनुसार रु. ३२,७९,१९४ खर्च गरेको छ । पालिकालाई थप ब्ययभार पर्ने गरी अन्य निकायलाई बजेट बिनियोजन गरी कार्य गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

भौ.नं./मिति	**निकाय**	**कामको विवरण**	**रकम**
१७९-०८१-१-१३	जिल्ला प्रहरी कार्यालय	उपकरण औजार खरिद सहायता	४,६८,७३४
२८२-०८१-३-२०	जिल्ला प्रहरी कार्यालय	सि.सि.टि.भि खरिद तथा जडान कार्य	१८,१७,२२४
१७६-०८१-१-१०	नेपाल वार इकाई बर्दिया	भवन निर्माण	९,९३,२३६
जम्मा			**३२,७९,१९४**

३९ **रोयल्टीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाईर खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाटअनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपभोक्ता समिति मार्फत सडक ग्राभेल कार्य गर्दा ग्राभेल को दर बिश्लेषणमा रोयल्टी रकम समेत समाबेश गरेकोमा समितिले जुन स्थानबाट निर्माण सामाग्री ल्याएकोसो स्थानमा रोयल्टी तिरेको प्रमाण संलग्न नगरेकोले लागत अनुमान तयार गर्दा ग्राभेल कार्यमा समाबेश भएको प्रति घनमिटर रोयल्टी रु. २८२.२४ को दरले

निम्नानुसार समितिलाई कालोपत्रे र पक्की नाला तथा ग्राभेल कार्यमा क्रमश ५ र १५ प्रतिशत र सडक बोर्ड तर्फ १० प्रतिशतले जनश्रमदान बापतको रकम कट्टा गरी रु.४८,६७,४३१ बढि भुक्तानी भएकोले रोयल्टी बापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

भौ.नं.	उपभोक्तासमितिको नाम	ग्राभेल कार्य परिमाण(घ.मि)	जनश्रमदान कट्टा गरी रोयल्टी रकम
२	कोइली चोक देखिकृष्णसार जोड्ने सडक कालोपत्रे निर्माण उ.स गुलरिया-४	२६४	६३३१३
४	हुलाकी सडक देखी कृष्णभण्डारीको घर जाने बाटोमाटो पटान तथा ग्राभेल नि.उ.स	७७	१८४७३
१३	वडा न.१ को बे.खमधुवनको सि. देखि वे.नाला र कल्भर्टसम्म नि.उ.स -१	८४१	२०१७५९
५५	श्री मधुवन भगैया कृषिसषक नि.उ.स-१	१६६८	४००१६०
५६	बबई कृष्णसारउपभोक्ता समिति	१२०४	२८८८४४
५७	वडा नम्बर ४ पुर्णवलिको जग्गाबाट रामपुर टापु गाने सडक उ.स	१४१०	३३८२६५
५८	वडा नम्बर २ विष्णु आचार्यको घर हुदै राम बहादुर खड्काको ग्राभेल नि.उ.स	८६८	२०८२३७
७१	चन्दु थारुको घरबाटउत्तरतर्फ बगुंरपालन जाने सडक ग्राभेल उ.स	९५०	२२७९०९
७२	गु.न.पा वडा नम्बर १२ ईगना कल्भर्ट देखि पश्चिम झो.पु जाने बाटो ग्राभेल नि.उ.स	६९२	१६६०१४
१२९	श्री रामबाग मुक्तकमैया बस्ती माटोपटानी तथा ग्राभेल नि.उ.स	१६७	४००६४
१४५	गोपाल पोख्रेलको घरदेखी पुर्ब गोपाल राजभण्डारी	२२४	५३७३८
१७०	स.भ.गु.रा.खै माटोपटान तथा ग्राभेल ऊ.स	३५१	८४२०६
१६७	बाटो पटान तथा ग्राभेलसडक उ.स	७१३	१७१०५२
१६१	वडा नम्बर २ को पाचनं. टोल भित्रका दाया बायाका सडक ग्राभेल	१००८	२४१८२३
१९१	माटो पटान तथा सडकग्राभेल नि.उ.स	१७२३	४१३३५५
१७३	घरवारी टोल बिकाससंस्था	४३	१०३१६
१९४	सिमाना चोककोप्रतिक्षालय देखी जंगल जाने बाटो माटो पटान उ.स	१५३	३६७०५
१९३	माटो पटान तथा ग्राभेलबाटो नि.उ.स	८१	१९४३२
२२३	जहरी नाला देखी तटबन्धसम्म माटो पटान तथा ग्राभेल नि.उ.स	९८	२३५११
२२०	जोखुलालको खेत देखीप्रसिया लटकनिया जाने बाटो सम्म माटो पटान तथा ग्राभेल उ.स	९८	२३५११
२१५	पक्की नाली तथाग्राभेल निर्माण उ.स	७९	२११८२
२३०	४ ओटा योजनाको माटोपटान तथा ग्राभेल	२४२	५८०५७
२२९	वडा नम्बर ११ कोबिँन्न योजनाको माटो पटान तथा ग्राभेल कार्य	२१४	५१३३९
२४०	तुलापुरको भित्री सडकग्राभेल उ.स	१११	२६६२९
२३२	वडा नम्बर-८ कोबिभिन्न योजनाको माटो पटान तथा ग्राभेल कार्य	६८	१६३१३
२३१	वडा नम्बर ८ को बिभन्नयोजनामा सडक ग्राभेल	१५४	३६९४५
२७०	वडा नम्बर २ बिष्णुआचार्यको घर देखी राम बहादुर खड्काको घरसम्म ग्राभेल नि.उ.स	३४	८१५७

२६९	त्रिभुवन यादबको घरदेखि किशोरी तेलीको घर सम्मको बाटो ग्राभेल निर्माण -३	१३१	३१४२७
२६४	रिसोर्ट देखी किडिपुरजाने सडक ग्राभेल नि.उ.स	५४४	१३०५०८
२८१	झब्कड बहादुरअधिकारीको घर देखी पुर्ब गंगाराम बि.क घर दुर्गा मन्दिर सम्म	६१	१४६३४
२७८	मिलन टोलको भित्रि टोलबाटो ग्राभेल नि.उ.स	४०	९५९६
२७४	वडा नम्बर ३ को ३योजनामा ग्राभेक कार्य (पौडेल बिल्डर्स एण्ड कन्स्ट्रक्सन)	७०	१६७९३
२८६	मलारियापुर टोलको माटोपटान तथा ग्राभेल उ.स	२९	६९५७
१९०	पण्डितपुर शिब चोकदेखीसरस्वती आ.बि सम्म कालोपत्रे उ.स	९४	२५२०४
३०३	टेपरी गाउमा सडककालोपत्रे निर्माण उ.स	४२३	११३४१८
३०५	औधोगिक ग्रामको पर्खाल वरिपरी तथा नँया बस्ती जाने सडक ग्राभेल नि.उ.स	११४९	२७५६५०
३१५	हुलाकी सडक माधिराम थारुको घर देखी आइते थारुको घर सम्म सडक ग्राभेल नि.उ.स	५६	१३४३४
१३(बिबिध कोष)	शंकरपुर दक्षिण भारतसिमाना र जानकी टोल दक्षिण बस्ती भित्री सडक मर्मत नि.उ.स	१२१७	३०९१३७
३(बिबिध कोष)	वडा नम्बर १२ दुधागाँउबाट भैसाही जाने ग्राभेल सडक मर्मत	९९३	२५२२३८
६(बिबिध कोष)	वडा नम्बर ४ सानोबेचैपुर पश्चिम हुदै वडा नम्बर २ शिव मन्दिर सम्म ग्राभेल	१६५०	४१९१२६
	जम्मा		**४८६७४३१**

असुल गर्नुपर्ने	४८,६७,४३१

४० **स्पेशिफिकेशनः**

सार्वनजिक खरिद नियमावली २०६४ को नियम११ मामालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ ।त्यस्तैनियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ ।कार्यालयले उल्लेखित व्यवस्था अनुसार फर्मले आपूर्ती गरेका सामान स्पेसिफिकेसन अनुसार भए नभएको प्राविधिक नाप जाँच गरेको छैन । कानुनमा उल्लेखित ब्यबस्थाको पालना बेगर खरिद गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई खरिद कार्य गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका केहि उदाहरण देहायबमोजिम रहेका छन्

भौ.नं.	फर्मको नाम	बिबरण	रकम
१८७-०८१-१-१७	काठमाण्डौ इनर्जी ग्रुप प्रा.ली	हाईमाष्ट लाईट खरिद तथा जडान-सिलबन्दि दरभाउ पत्र	७९३४८१
१८६-०८१-१-१७	काठमाण्डौ इनर्जी ग्रुप प्रा.ली	हाईमाष्ट लाईट खरिद तथा जडान-सिलबन्दि दरभाउ पत्र	७७७१७५
१८५-०८१-१-१७	काठमाण्डौ इनर्जी ग्रुप प्रा.ली	हाईमाष्ट लाईट खरिद तथा जडान-सिलबन्दि दरभाउ पत्र	७७७१७५
२५८-०८१-३-१७	रोजी ब्लु प्रा.ली	सौर्य सडक बत्ती-३ थान	३२५४०७
३१९-०८१-३-२४	एन.बि.एस.इनर्जी एण्ड इलेक्ट्रिकल्स सप्लायर्स	सौर्य सडक बत्ती-१ थान	१०८३४०
१९८-०८१-२-०१	राजु ट्रेडर्स	सिचाई मोटर-३५ थान	९७१०६५

४१ **रडमाबढीभुक्तानी:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर २८८-०८१-३-२१ मा पक्की नाला निर्माण उपभोक्ता समितिबाट आर सि सि नाला निर्माण कार्य गराएकोमा लम्बाई मेन बार २२८ मिटर भएकोमाDISTRIBUTION BAR प्रत्येक २०-२० से.मि मा रहेको नापी तयार गर्दा ११४० संख्या मा लम्बाई २.१६ मिटर र १० एम.एम डण्डिको भार ०.६२ ले १५२६.६ के.जि रड मुल्याङ्कन हुनुपर्नेमा १६९६.६३ के.जि मुल्याङ्कन गरी बढि मुल्याङ्क गरेको १६९.६३ के.जि को प्रति के.जि रु. १२४.८० का दरले रु. २१,१६९ बढि भुक्तानी भएको छ । बढि भूक्तानि भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२१,१६९

४२ **बरबुझारथः**

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ५० (१) अनुसार कर्मचारी सरुवा हुँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात तोकिए बमोजिम बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । कार्यालयको जिन्सी अभिलेख अनुसार सरुवा भएका प्रमुख प्रशासकिय अधिकृत प्रकाश देबकोटासँग १० प्रो मोबाईल १ थान को रु. १,३५,००० जिम्मामा रहेकोमा सरुवा हुदा कार्यालयमा फिर्ता गरी जानुपर्नेमा फिर्ता नगरेकोतथा पुर्ब उपप्रमुख शुशिला गिरी को जिम्मा रहेको जिन्सी खाता पाना नम्बर २४ बाट एल जी एल ई डि ४३ इन्च को १ थान टि.भि रु. ८१,३६० समेत रु. २,१६,३६० फिर्ता नदेखिएकोले स्पेशिफिकेशन बमोजिमको सामान प्राप्त हुनुपर्ने अन्यथा रकम असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,१६,३६०

४३ **नाफामुलक संस्थालाई योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ ।नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । नगरपालिकाको निम्नानुसार रु. १४,९८,४२७ रकम उपलब्ध गराएको छ । नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गरी संचालन गर्नुपर्नेमा नाफामूलक सहकारी संस्थालाई अनुदान उपलब्ध गराएको नियम संगत नदेखिएको रु.

भौ.नं. मिति	**संस्थाको नाम**	**कामको बिबरण**	**रकम**
१३१-०८०-११-२९	जनकल्याण वचत तथा ऋण सहकारी संस्था लि.	भवनको छानो मर्मत	१५००००
१७५-०८१-१-१०	कृष्ण सागर ऋण तथा वचत सहकारी संस्था	सि.सि क्यामरा	४९७२०
२१९-०८१-२-२२	ज्ञानकुन्ज सहकारी	अधुरो शौचालय तथा सिढि निर्माण	३०००००
२१६-०८१-२-२२	सुनौलो सहकारी संस्था	भवन फिनिसिङ्ग कार्य	९९८७०७
जम्मा			**१४९८४२७**

अनियमित भएको	१४,९८,४२७

४४ **ठेक्काबाट बचत रकमबाट कार्यक्रमः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) बमोजिम अख्तियार प्राप्त भएको रकम स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले उल्लेखित ब्यबस्थाको पालना नगरी प्रदेश शसर्त बाट खालेपुर देखी कालाबञ्जर जोड्ने सडक तथा ध्रुब मा.बि देखी वेचैपुरसम्मको सडक कालोपत्रे कार्य ठेक्का बाट कार्य गर्दा बचत भएको रकम निन्नानुसार कोटेशन तथा उपभोक्ता समिति बाट कार्य गराई रु.२१,४१,५४१ खर्च गरेको छ । जुन आयोजना तथा प्रयोजनको लागी अनुदान प्राप्त भएको सो कार्य भएको रकम फिर्ता गर्नुपर्नेमा कार्यक्रम बेगर खर्च गरेको नियमित नदेखिएको रु.

भौ.नं. मिति	फर्म। समितिको नाम	कामको बिबरण	खर्च रकम
३-०८०-९-१८	एम.वाई कन्स्ट्रक्सन	कल्भर्ट निर्माण	४,१६,०१६
४-०८०-९-१८	एम.वाई कन्स्ट्रक्सन	ह्यू पाईप	४,९२,३७०
१०-०८१-१-०३	भैसाही गाँउ कन्जरवा नाला पुल देखी पुर्ब कालिनगर जाने सडक क्रमागत रुपमा कालोपत्र कार्य नि.उ.स	सडक निर्माण	१२,३३,१५५
जम्मा			**२१,४१,५४१**
		अनियमित भएको	२१,४१,५४१

४५ **ह्यूम पाईप खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने, नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । सार्वजनिक निकायद्धारा भएको खरिदसम्वन्धी कार्यविधि र प्रक्रिया खुला, पारदर्शी एवम् प्रतिस्पर्धात्मक बनाउन खरिद योजना निर्माण गर्ने र कामको प्याकेज बनाईनिर्माण कार्य प्रतिस्पर्धाबाट गर्नुपर्नेमा सो नगरी आबाश्यकता अनुसार ह्यूम पाईप खरिद तथा बितरणको लागी नगर तथा वडागत बजेट राखी रु. ५१,६३,३१४ खर्च गरेको गरेको छ । कानुनको पालना गरी खरिद कार्य गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

भौ नं मिती	फर्मको नाम	भुक्तानी रकम
७४-०८०-९-०८	कृष्णसार पोल एण्ड पाईप इण्ड्रष्ट्रिज प्रा.लि	९९४१३७
१००-०८०-१०-२९	न्यू बर्दिया सप्लायर्स	६३११४०
१३३-०८०-११-३०	दिप निर्माण सेवा	४९६५०२
१४१-०८०-१२-०६	डि.बि निर्माण सेवा	९९४७१०
३४-०८०-६-३०	संगम कंक्रिट उत्पादन प्रा.ली	६८८५४८
१६३-०८०-१२-२५	शुभकामना अर्डर एण्ड सप्लायर्स	२९७३५९
१०९-०८०-११-२	संगम कंक्रिट उत्पादन प्रा.ली	९०२४०
१०१-०८०-१०-२९	दिप निर्माण सेवा	२४८९९५
१०३५-०८१-३-१९	कृष्णसार पोल एण्ड पाईप इण्ड्रष्ट्रिज प्रा.लि	२४९००
१६६-०८०-१२-२७	तिवारी निर्माण सेवा	१९७८४६
१९९-०८०-२-०२	न्यू बर्दिया सप्लायर्स	४९८९३७
जम्मा		**५१६३३१४**

४६ **खरिद सिमाः**

सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१) मा सोझै खरिद सम्वन्धी व्यवस्थामा सार्वजनिक निकायले १० लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था रहेको छ । नियम १ (ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमाभन्दा वढी रकमको एउटै व्यक्ती. फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद

गर्न सकिने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले एकै फर्म संग टुका बनाई पटक पटक खरिद गरी रु. ३९,३८,०२८ खर्च गरेको देखिन्छ । यसरी एकै फर्मबाट टुक्रा टुका वनाई खरिद गरेको कार्य अनियमित देखिएको रु

भौचर। मिति	फर्मको नाम	बिबरण	भुक्तानी रकम
१५४-०८०-१२-०७	तिवारी निर्माण सेवा	सडक मर्मत कार्य	९९५६२२
१६६-०८०-१२-२७	तिवारी निर्माण सेवा	ह्यूमपाईप	१९७८४६
२२५-०८१-२-२४	तिवारी निर्माण सेवा	बिधुत पोल खरिद	४९५४४६
८९४-०८१-२-२४	तिवारी निर्माण सेवा	बिधुत पोल खरिद	१०००००
१९९-०८०-२-०२	न्यू बर्दिया सप्लायर्स	ह्यूमपाईप	४९८९३७
१००-०८०-१०-२९	न्यू बर्दिया सप्लायर्स	ह्यूमपाईप	६३११४०
७४,१०३५	कृष्णसार पोल एण्ड पाईप इण्ड्रष्ट्रिज प्रा.लि	ह्यूमपाईप	१०१९०३७
जम्मा			**३९,३८,०२८**

अनियमित भएको	३९,३८,०२८

४७ **एज विल्ट ड्रइङः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्सा पेश गर्नुपर्ने साथै निर्माण व्यवसायीहरुसँग भएको सम्झौताको शर्त नं ५७(१) र ५७(२) मा निर्माण व्यवसायीले ३० दिनभित्र एज बिल्ट ड्रइङ पेश गर्नुपर्ने र सो डकुमेण्ट पेश नगरेमा सम्झौताको सामान्य शर्तहरु (GCC) को 56.2 मा रु. १,००,००० रकम रोक्का राख्नुपर्ने व्यवस्था समेत रहेको छ । यस बर्ष कार्य सम्पन्न भएका देहायका निर्माण व्यबसायीहरुबाट सम्झौतामा उल्लेख भएबमोजिम एज बिल्ट नक्शा प्राप्त नभएकोले एज बिल्ट नक्सा पेश गर्नुपर्ने अन्यथा देहाय बमोजिमको रु ७,००,००० असुल गर्नुपर्ने देखिएको रु.

भौ.नं./मिति	फर्मको नाम	कामको बिबरण	रकम
२९-०८०-६-३०	गणेश बाबा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	जानकी मा.बि ४ कोठे भवन निर्माण	१०००००
२६-०८०-६-२४	डि.पी निर्माण सेवा	हिमाली आ.बि ४ कोठेभवन निर्माण	१०००००
२७-०८०-६-२४	दुर्गा कन्स्ट्रक्सन	कोटही मा.बि तुलापुर ४ कोठे भवन	१०००००
२२-०८०-६-१५	खत्री कन्स्ट्रक्सन	कोटही मा.बि तुलापुर २ कोठे भवन	१०००००
२४-०८०-६-२१	बबिन कन्स्ट्रक्सन	कृष्णसार आ.बि २ कोठे भवन निर्माण	१०००००
४२-०८०-७-२४	वर्मा कन्स्ट्रक्सन	महाकबी देबकोटा मा.बि ४ कोठे भवन निर्माण	१०००००
३२-०८०-६-३०	कोन्छ्योग सोम निर्माण सेवा	ने.रा शम्भुसरण मा.बि	१०००००
जम्मा			**७०००००**

प्रमाण पेश नगरेको	७,००,०००

४८ **ठेक्का नं ०३-०८०-८१** अन्तर्गत बंगलामुखी स्कुल देखी उत्तर थर्फ कृषि विकास बैंक जाने सडक कालोपत्रे निर्माण कार्य (CH:0+000 देखी 0+३६५) सम्म को निर्माण कार्यको लागत अनुमान रु. १,८४,९४,४१४ को तयार गरी सबै भन्दा कम कबोल गर्ने निर्माण ब्याबसायी मैटवा सिसान प्रा.लि खजुरा सँग मिति २०८०-०७-२२ मा रु. १,५०,१६,९८४ को मिति २०८१-३-२५ मा सम्पन्न गर्ने

गरी सम्झौता गरी गो.भौ.नं २९०-०८१-३-२१ बाट अन्तिम बिल समेत रु १,५०,१०,३७५ भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छनः

४८.१ **गुणस्तर परीक्षण तथा नियन्त्रणः** सडक विभागबाट जारी भएको स्ट्याण्डर्ड स्पेशिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (दोस्रो संशोधन २०७८ समेत) को सेक्सन ५०० मा गुणस्तर आश्वस्तता योजना बनाइ कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । उक्त सेक्सनमा निर्माण कार्यको आइटमवाइज रुपमा तोकिएको संख्यामा (जस्तै बेस कोर्सको मेकाडमको लागि ३ टेष्ट प्रतिदिन अथवा ५००० बर्ग मिटरमा १ टेष्ट गर्नुपर्न, अस्फाल्ट कालोपत्रे कार्यमा कम्तिमा ७०० वर्गमिटरमा १ पटक गर्नुपर्ने तथा प्रिमिक्स कार्पेटमा २ टेष्ट प्रतिदिन प्रति प्लाण्ट अथवा ५००० बर्ग मिटरमा १ टेष्ट गर्नुपर्ने) गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ र ठेक्का सम्झौतामा आयोजना प्रमुखले निर्माण व्यवसायीलाई गुणस्तर परीक्षण गर्न निर्देशन दिने, निर्माण सामाग्रीहरुको तोकिएको संख्यामा गुणस्तर परीक्षण गराएर मात्र रनिङ्ग बिल भुक्तानी दिने व्यवस्था रहेको छ । तर कार्यालयले उल्लिखित व्यवस्था अनुसार गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न नगरी एकमुष्ठ ल्याब रिपोर्ट संलग्न गरी रनिङ्ग बिल भुक्तानी गरेको देखियो । तोकिएको संख्या र प्रक्रिया पुरा गरी निर्माण कार्य गुणस्तर भएको सुनिश्चित गरिनुपर्दछ ।

४८.२ **पेन्टिङ्ग कार्यः** सडक विभागद्वारा जारी भएको सडकको नर्म्स २०७५ को सेक्सन १५०४ मा सडक सतहमा पेन्टिङ्ग कार्य गर्दा हट अप्लाइड थर्मोप्लाष्टिक कम्पाउण्ड कम्तिमा २ एम एम मोटाइको हुने व्यवस्था भएअनुरुप कार्यालयले दर विश्लेषणल गरी लागत अनुमान तयार गरेतापनि नापी किताबमा २ एम एम मोटाइ भएको उल्लेख नगरी २९५।५६ बर्ग मिटरको प्रति बर्ग मिटर ८४७।५ ले रु २५०४८७ भुक्तानी गरेको छ । नम्स अनुसार २ एम एम मोटाइको पेन्टिङ्ग कार्य भएको सम्बन्धमा आश्वस्त हुन नसकिएकोले प्राविधिकबाट मोटाई एकिन गरी खर्च रकम प्रभाबकारी बनाउनु पर्दछ ।

४८.३ **प्राईम कोटमा बढि भुक्तानीः** सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राबिधिक नाँप जाच गरी बास्तबिक कार्य सम्पादनको आधारमा बिल र बिजकको भुक्तानी गर्नु पर्ने ब्यबस्था छ । कार्यालयको प्राबिधिक बाट तयार भएको नापी किताबमा चेनेज नम्बर 0+०१२-0+०३२ सम्म ४० मिटर लम्बाई र 0+०३२-0+०४७ सम्म ४५ मिटर लम्बाई नापी मापन भई सो क्षेत्रमा लम्बाई क्रमश २० र १५ मिटर लम्बाई र क्रमश चौडाई १२।०४८ र १०।२२५ मिटर भएकोमा ३९४।३२ बर्ग मिटर नापी हुनुपर्नेमा ९४२।०२ बर्ग मिटर कायम भएकोले बढि मापन भएको ५४७।७ बर्ग मिटरमा प्राईम कोट १ लिटर प्रति बर्ग मिटर नापि गरेकोमा ५४७।७ लिटर प्राईम कोट बढि नापी हुन गई प्रति लिटर रु.१९२।१ को दरले फर्मलाई रु.१०५२१३ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,०५,२१३

४८.४ **समपुरक योगदानः** लुम्बिनी प्रदेश समपुरक ब्यबस्थापन कार्यबिधि,२०७८ को बुदा नम्बर ४ मा समपूरक अनुदान प्रदान गरिने ढाचाको ब्यबस्था छ । कार्यालयले सोहि अनुसार प्रदेश सरकार संग ५०-५० प्रतिशतको साझेदारी हुने गरी प्रस्ताब गरेकोमा कार्यबिधि भन्दा बढि रु.३४२९३३। समपुरक अनुदानबाट खर्च लेखेकोले आनुपातिक रुपमा स्थानीय सञ्चित कोषबाट सहभागिता भएको देखिएन । तसर्थ अनुदानको अंश बढी पर्ने गरी खर्च गरेको रकम पालिका बाट फिर्ता गरी प्रदेश सञ्चित कोष दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

भौ.नं. मिति	खर्च रकम	समपुरक अनुदान बाट खर्च लेख्नु पर्ने रकम	खर्च लेखेको रकम	बढि
१८,१४६,२९० कन्टिजेन्सी समेत	१५३१४१३४	७६५७०६७	८००००००	३४२९३३

प्रमाण पेश नगरेको	३,४२,९३३

४८.५ **एज विल्ट ड्रइङ :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्सा पेश गर्नुपर्ने साथै निर्माण व्यवसायीहरुसँग भएको सम्झौताको दफा ५७(१) र ५७(२) मा निर्माण व्यवसायीले ३० दिनभित्र एज बिल्ट ड्रइङ पेश गर्नुपर्ने र सो डकुमेण्ट पेश नगरेमा सम्झौताको सामान्य शर्तहरु (GCC) को 56.2 मा रु. १००००० रकम रोक्का राख्नुपर्ने व्यवस्था समेत रहेको छ । निर्माण

व्यबसायीबाट सम्झौतामा उल्लेख भएबमोजिम एज बिल्ट नक्शा प्राप्त नभएकोले एज बिल्ट नक्शा पेश हुनुपर्ने अन्यथा सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	१,००,०००

४९ **उपभोक्ता मार्फत कालोपत्रे कार्य:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट संचालित निर्माण कार्यमा हेभी मेशिन प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सहमति लिइ मेशिन प्रयोग गर्न सकिने र सो विपरित प्रयोग गरेको पाइएमा उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरिने, नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार उपभोक्ता समितिबाट कालोपत्रे सडक निर्माण जस्तो जटील प्रकृतीको काम गर्ने गरी सम्झौता गरेकोमा समितिले सामान खरिद गरि मेशिन भाडामा लिएको बिल भरपाई पेश गरी रु. १,२७,७५,४४१ भुक्तानी गरेको छ । जटिल प्रकृतिको कार्य उपभोक्ताबाट गराउने कार्य नियन्त्रण गरी नियमावलीको व्यवस्था अनुसार प्रतिस्पर्धा गराएर मात्र गर्नुपर्ने देखिन्छ । यसरी गराएको कामको विवरण यस प्रकार छ:

भौ.नं./मिति	**उपभोक्ता समितिको नाम**	**विवरण**	**लागत अनुमान**	**भुक्तानी रकम**
१९०-०८१-१-२०	पण्डितपुर शिब चोकदेखि सरस्वती आ.बि सम्म कालोपत्रे ऊ.स	कालोपत्रे कार्य	४२१०६४२	४००००००
३०३-०८१-३-१२	टेपरी गाउमा सडक कालोपत्रे निर्माण उपभोक्ता समिति	कालोपत्रे कार्य	५३२९७४१	४८९०२३९
७८-०८०-९-२०	कोईली चोक देखी कृष्णसार जोड्ने सडक कालोपत्रे नि.उ.स	प्रिमिक्स कार्पेट	४२०८०१७	३८८५२०२
	जम्मा			**१२७७५४४१**

५० **निर्माण कार्यको लागत अनुमान**

सार्बजनिक खरिद नियमावली,२०६४को नियम १०(२)बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने ब्यबस्था छ।तर पालिकाले मेशिनबाट निर्माण सामाग्री संकलन, आधुनिक प्रबिधिको बिकास भई हाईड्रोलिक ट्रक तथा ट्याक्टर बिकास भइसकेकोमा निर्माण सामाग्री संकलन तथा लोड अनलोड मेशिन बाट हुने अबस्थामा सो को नर्म्स तयार गरी उल्लेखित नियम अनुसार कार्य गर्नुपर्नेमा मेनुअल निर्माण सामाग्री बालुवा, गिट्टि, ग्राभेल तथा ढुङ्गा लगायत सामाग्री संकलन गरी ढुवानी रकम समाबेश गरी सडक तथा भवन निर्माण को कार्य गरेको छ । यसरी कार्य गराउँदा जुन स्थानबाट निर्माण सामाग्री ल्याएको हो सो स्थानमा रोयल्टी तिरेको प्रमाण संलग्न गरेको छैन । कानुनको पालना तर्फ कार्यलयले ध्यान दिई खरिद कार्य मितब्ययी तथा प्रतिस्पर्धी बनाउनु पर्दछ ।

५१ **उपभोक्ता समितिबाट सीमा भन्दा बढीको कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने र उल्लेखित एक करोड रुपैंया सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट गराएको निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सी वापतको रकम समावेश नगरी लागत अनुमान तयार गरेर उपभोक्ता समितिबाट निर्माण कार्य गरेको देखियो। सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार रु.१ करोड भन्दा बढि लागत अनुमान भएको निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुनेगरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।

कार्यालयले उपभोक्ता समितिबाट गराएको निर्माण कार्यको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सीको रकम समावेश गर्दा एक करोड रुपैंयाभन्दा बढी हुने भएकाले एक करोड रुपैंया भन्दा बढीको निर्माण उपभोक्ता समितिबाट गराएको कार्य जुन नियमावलीको व्यवस्था अनुकुल देखिदैन ।सिमा भन्दा बढि रकमको कार्यउपभोक्ताबाट गराउने कार्य नियन्त्रण गरी नियमावलीको व्यवस्था अनुसार प्रतिस्पर्धा गराएर खर्च रकम मितब्ययी तथा पारदर्शी गर्नुपर्ने देखिन्छ ।

भौ.नं./मिति	**उपभोक्तासमिति**	**कामको बिवरण**	**खुद काम**	**ओभरहेडर मूल्य अभिवृद्धी समेतको लागत अनुमान**	**भुक्तानी रकम**
१९१-०८१-१-२०	माटो पटान तथा सडक ग्राभेल निर्माण उपभोक्ता समिति गुलरिया-१२	सडक ग्राभेल	८४७८४०६	११०१७६८८	७२८८६६४

५२ **निर्माण सामाग्री खरिद तथा प्रयोग :**

खरिद भएका निर्माण सामाग्री प्रयोग हुनुपर्दछ । कार्यालयले निम्न अनुसार निर्माण सामाग्री फर्म मार्फत खरिद गरी रु.१२,८४,३१५ भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको प्रमाण खर्च साथ संलग्न छैन । सामान प्रयोग भएको प्राविधिक नापी पेश गर्नुपर्ने रु.

भौ.नं/मिति	**फर्मको नाम**	**विवरण**	**रकम**
८८-०८०-१०-१८	यादब ट्रेडर्स एण्ड सप्लायर्स	डिप ट्यूबेल ४ इन्च को -११ थान	२९२०९४
२२६-०८१-२-२४	एस.बि.ट्रेडर्स एण्ड सप्लायर्स	वडा नम्बर ४ को लागी एच.डी.पि पाईप तथा फिटिङ्ग सामान	९९२२२१
जम्मा			**१२,८४,३१५**

प्रमाण पेश नगरेको	१२,८४,३१५

५३ **गुणस्तर परीक्षण तथा नियन्त्रणः**

सडक विभागबाट जारी भएकोस्ट्याण्डर्ड स्पेशिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (दोस्रो संशोधन २०७८ समेत) को सेक्सन ५०० मा गुणस्तर आश्वस्तता योजना बनाइ कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । उक्त सेक्सनमा निर्माण कार्यको आइटमवाइज रुपमा तोकिएको संख्यामा (जस्तैबेस कोर्सको मेकाडमको लागि ३ टेष्ट प्रतिदिन अथवा ५००० बर्ग मिटरमा १ टेष्ट गर्नुपर्न, अस्फाल्ट कालोपत्रे कार्यमा कम्तिमा ७०० वर्गमिटरमा १ पटक गर्नुपर्ने तथा प्रिमिक्स कार्पेटमा २ टेष्ट प्रतिदिन प्रति प्लाण्ट अथवा ५००० बर्ग मिटरमा १ टेष्ट गर्नुपर्ने) गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ र ठेक्का सम्झौतामा आयोजना प्रमुखले निर्माण व्यवसायीलाई गुणस्तर परीक्षण गर्न निर्देशन दिने, निर्माण सामाग्रीहरुको तोकिएको संख्यामा गुणस्तर परीक्षण गराएर मात्र रनिङ्ग बिल भुक्तानी दिने व्यवस्था रहेको छ । तर कार्यालयले उल्लिखित व्यवस्था अनुसार गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न नगरी एकमुष्ठ ल्याब रिपोर्ट संलग्न गरी रनिङ्ग बिल भुक्तानी गरेको देखियो । तोकिएको संख्या र प्रक्रिया पुरा गरी निर्माण कार्य गुणस्तर भएको सुनिश्चित गरिनुपर्दछ ।

५४ **प्रकोप व्यवस्थापन कोषः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले जाजरकोट भुकम्प पिडितको लागि खरिद गरेको चामल मध्ये ९१ बोरा चामल प्रति बोरा २५ के.जी. र प्रति के.जी. रु ७० को दरले हुने खर्च रु १५९२५० को बितरण भर्पाई पेश नभएको रु

प्रमाण पेश नगरेको	१,५९,२५०

५५ **डम्पिङ्ग साइट निर्माण कार्यः**

सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राबिधिक नाप जाँच गरी वास्तबिक कार्य सम्पादनको आधारमा बिल र विजकको भुक्तानी गर्नुपर्ने व्याबस्था छ । पालिकाले संघीय सशर्त पूँजिगत अनुदानबाट ठेक्का नं ०७/०८०/०८१ अन्तर्गत यो बर्ष डम्पिङ्ग साइट, ट्रस र पर्खाल निर्माण कार्यको लागि लुभानी कन्स्ट्रक्सन प्रा.ली. सँग मिति २०८१।३।२५ सम्ममा कार्य सम्पन्न गर्ने गरी

मिति २०८०/१०/२६ मा रु ८५,५०,१९३.८५ को सम्झौता गरी यो बर्ष प्रथम रनिङ्ग बिलबाट रु ५७,२१,११९ भुक्तानी गरेको छ । पालिकाले उक्त निर्माण कार्य पटक पटकका प्याकेजमा आ.ब. २०७०।०७१ देखि नै आंशिक रुपमा कार्य गर्दै आइरहेको जनाएको छ । हालसम्म भएको कार्यको एकिकृत नापी किताब तथा एकिकृत खर्च विवरण तयार गरेको नदेखिदा कुन बर्षमा कुन खण्डमा काम भयो र अब कति बाँकी छ भन्ने विश्लेषण गर्न सकिएन । यस्तो प्रकृतिका योजनामा एकिकृत नापी तथा खर्च विवरण तयार नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।

५६ **वडाको जिन्सी दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिका कार्यालयबाट खरिद भएका जिन्सी मालसमानहरुको अभिलेख प्रयोजनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोगमा ल्याएको भएतापनि पूर्ण नरहेको, वडागत रुपमा खरिद भई थप भएका वा वडाको जिन्सीमा दाखिला भएका जिन्सी समानहरुको अभिलेख एकिकृत रुपमा नहुँदा लेखापरीक्षणको क्रममा पालिकाको सबै जिन्सी समानहरुको बिष्लेषण गर्न सकिएन । वडागत रुपमा बजेट विनियोजन भई वडा तहबाट नै खरिद प्रक्रिया शुरु भई खरिद भएका खर्च हुने र नहुने सबै जिन्सी समानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नरहेको र म्यानुअल अभिलेख प्राप्त भएकोले वडागत जिन्सी समानको यथार्थता एकिन गर्न सकिएन । सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीलाई वडातहसम्म लागु गरी सबै सरकारी सम्पत्तीहरुको अभिलेख, संरक्षण तथा उपयोगलाई प्रभावकारी बनाइनुपर्दछ । यसका केहि उदाहरण देहायबमोजिम रहेका छन्

भौ.नं./मिति	**फर्मको नाम**	**कामको बिबरण**	**रकम**
६३-०८०-९-०२	मायसा सप्लायर्स	रेक,दराज,कार्पेट वडा नम्बर-९	४९९४६
६७-०८०-९-०४	श्री लाईफ स्टिल फर्निचर उधोग	सोफा कुर्सि	२३८८५०
१५८-०८०-१२-१६	न्यु बर्दिया इन्फोसिस	कुलर २ थान वडा नम्बर २	५३५६२
१६५-०८०-१२-२६	ज्ञवाली सप्लायर्स	दराज वडा नम्बर ६	८३६२०
२०३-०८१-२-०३	गुलरिया लिंकस	ए.सि वडा नम्बर १	१४८०००
	जम्मा		५७३९७८

५७ **टुक्रा खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.२० लाख रुपैंया सम्मको लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नु पर्दा सिलबन्दि दरभाउ पत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । सार्वजनिक निकायद्धारा भएको खरिदसम्वन्धी कार्यविधि र प्रक्रिया खुला, पारदर्शी एवम् प्रतिस्पर्धात्मक बनाउन खरिद योजना निर्माण गर्ने र कामको प्याकेज बनाईनिर्माण कार्य प्रतिस्पर्धाबाट गर्नुपर्नेमा सो नगरी एकै स्थानका विद्यालयका २ भवनलाई भिन्नभिन्नै लागत अनुमान तयार गरी सोझै कार्य गराई रु.१८,७४,९०४ खर्च गरेको छ । कानुनको पालना नगरी एकै स्थान र एकै प्रकृतिको निर्माण कार्य टुक्रा गरी खर्च लेखेको रकम नियमित नदेखिएको रु.

भौ.नं./मिति	**फर्मको नाम**	**कामको बिबरण**	**सम्झौता मिति**	**रकम**
८२-०८०-९-२५	दुर्गा कन्स्ट्रक्सन	कोटही मा.बि तुलापुर ४ कोठे भवन	२०८०-९-०४	९६०९९८
९९-०८०-१०-२८	खत्री कन्स्ट्रक्सन	कोटही मा.बि तुलापुर २ कोठे भवन	२०८०-९-२३	९१३९०६
जम्मा				**१८७४९०४**

अनियमित भएको	१८,७४,९०४

५८ **समपुरक योगदानः**

लुम्बिनी प्रदेश समपुरक ब्यबस्थापन कार्यबिधि,२०७८ को बुदा नम्बर ४ मा समपूरक अनुदान प्रदान गरिने ढाचाको ब्यबस्था छ । कार्यालयले सोहि अनुसार गुलरिया नगरपालिका वडा नम्बर २ जैतपुर गाँउदेखी गुजराना तथा भित्री सडकहरु कालोपत्रे तथा नाली निर्माण कार्य गर्नको लागी प्रदेश सरकार संग ५०-५० प्रतिशतको साझेदारी हुने गरी प्रस्ताब गरेकोमा ठेक्का नम्बर ४-०८०-८१ मा मैटहवा साईमन प्रा.लि संग सम्झौता गरि निम्नानुसार भुक्तानी गरेकोमा उल्लेखित सम्झौता अनुसार नगरी प्रदेश समपुरक अनुदान मात्र भुक्तानी गरेकोले कार्यबिधि भन्दा बढि रु. ३१,८१,७२५ समपुरक अनुदानबाट खर्च लेखेकोले आनुपातिक रुपमा स्थानीय सञ्चित कोषबाट सहभागिता भएको देखिएन । तसर्थ अनुदानको अंश बढी पर्ने गरी खर्च लेखेकोले पालिका बाट फिर्ता गरी प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने रु

भौ.नं. मिति	बिबरण	खर्च रकम	समपुरक अनुदान बाट खर्च लेख्नु पर्ने रकम	खर्च लेखेको रकम	बढि
२३-०८१-३-२३	मोबिलाईजेशन(	१४,३१,५४५	७,१५,७७२	१४,३१,५४५	७,१५,७७२
१९-०८१-३-२१	प्रथम बिल	४९,३१,९०५	२४,६५,९५२	४९,३१,९०५	२४,६५,९५२
जम्मा					**३१,८१,७२५**

प्रमाण पेश नगरेको	३१,८१,७२५

५९ **विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदानः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको छ र सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले आ व ०८०।८१ मा पालिकाका ४६ विद्यालयको सामाजिक तथा आर्थिक लेखापरिक्षणको लागि भौ.न. ४१, २०८०।०८।०६ बाट रु ५,१०,००० निकासा गरी खर्च लेखेकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक वर्ष २०८०।८१ को विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश भएको देखिदैन । तसर्थ अनुदानको सही सदुपयोगको सुनिश्चितता गरिनुपर्दछ ।

६० **शिक्षक विद्यार्थी अनुपातः**

शिक्षा ऐन, २०२८ को (नवौँ संशोधन समेत) १६ च १ मा शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने जसमा विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए वमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ज को बुदाँ नम्बर ११ सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्न सक्ने व्यवस्था छ ।स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

1. स्थानीय तह मातहतमा रहेक ४६ विद्यालयहरुमा २९३ शिक्षक दरवन्दी रहेकोमा २९१ पदपुर्ती भएको र पदपुर्ति मध्ये १२१ करारमा र बाल विकासको १२९ जना शिक्षक करारमा देखिन्छ। तसर्थ दरवन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ती गर्ने तर्फ ध्यान दिनुपर्छ।

2. विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । यस वर्ष पालिकाले ४० विद्यालयलाई कुल २४ करोड ५७ लाख ३३ हजार निकाशा दिएको छ ।

सि.न.	विद्यालयको नाम	ठेगाना	दरबन्दी	पदपूर्ती	बाल विकास	करार/ राहत पदपूर्ती	विद्यार्थी संख्या	निकासा
१	श्रीशम्भुशरण मा.वि.	खैरापुर	१६	१६	४	७	१००७	१२९९४९४२
२	श्रीत्रिशक्ति माध्यमिक विद्यालय	कमलपुर	८	८	४	९	४५४	६९५१४३४
३	श्री गणेशविद्यामन्दिर आधारभुत	शंकरबस्ती	७	७	२	४	३२९	५३२५३२१
४	श्रीस्वामी परमानन्द आधारभुत	छेदापुर	५	५	३	६	२३५	३७६६२३८
५	श्रीजगननाथ गुरुबाबा आधारभुत	पन्द्रहनम्बर	४	४	२	४	१६६	३५७५१३४
६	श्रीसरस्वती आधारभुत विद्यालय	पंडितपुर	४	४	२	३	१३२	३४१७५०४
७	श्रीशान्ति आधारभुत विद्यालय	संगमबस्ती	६	६	६	७	५०२	६९०६५७९
८	श्री जानकीआधारभुत विद्यालय	सिरकोहिया	७	७	२	४	४३१	६५३१०८६
९	श्री नेपालराष्ट्रिय आ. वि.	तेजीपुर	५	५	३	४	२०३	४१६७९७०
१०	श्रीकृष्णासार आधारभुत विद्यालय	खैरी	६	६	४	५	३५१	५२०१२९४
११	श्री ध्रुबमाध्यमिक विद्यालय	तुल्सीपुर	२८	२७	२	१७	७७३	२०५१३७८८
१२	श्री कोटहीमाध्यमिक विद्यालय	तुलापुर	१३	१३	७	१२	७४०	१०७२४७६४
१३	श्रीभानोदय आधारभुत विद्यालय	बेचैपुर	८	८	३	८	२००	५२४४७२८
१४	श्रीनारायणनाथ स्मृती आ. वि.	गुलरिया	३	३	२	४	६७	२२७३६९५
१५	श्री नेपालराष्ट्रिय आधारभुत विद्यालय	सुहलेवा	७	७	४	५	२५६	६१७०५४४
१६	श्रीशान्ति आधारभुत विद्यालय	बालापुर	५	५	७	८	१६४	४०५९८११
१७	श्रीबालमन्दिर आधारभुत विद्यालय	मताङ्गा	५	५	४	५	२५५	४५५३९९८
१८	श्रीबगलामुखी माध्यमिक विद्यालय	गुलरिया	२०	२०	४	९	१३८३	१६३१८८१०
१९	मदरशाअसरफिया मसोदुल उलुम आबि	गुलरिया	०	०	३	३	१७८	१४३९४५७
२०	श्रीहिमालि आधारभुत विद्यालय	चौगुर्जी	८	८	६	९	५१६	६९०५३४६
२१	मदरशाजमिया रजाउल उलुम आ.बि.	गुलरिया	०	०	१	१	९३	७९२९७२
२२	मदरशामिफताउल उलुम आ.बि.	गुलरिया	१	१	१	२	१९५	१५३९०४९
२३	श्रीमहाकवि देवकोटा मा.बि.	भन्सारटोल	२१	२१	३	१०	१३४१	१५००६९३०
२४	श्रीभानुभक्त आधारभुत विद्यालय	आशापुर	७	७	३	६	४६६	६०२२६७६
२५	श्रीदेउराली आधारभुत विद्यालय	थपुवा	४	४	४	५	१९०	३५०५१०७
२६	श्रीकोठिया आधारभुत विद्यालय	कोठियागाँउ	३	३	२	२	१०४	२६५०१६७
२७	श्रीबालविद्या मन्दिरआ.बि.	सुरजपुर	४	४	३	५	२१९	२९२२९८९
२८	श्रीगायत्री आधारभुत विद्यालय	टेपरी	६	६	३	६	५३२	६०३०६५७
२९	श्रीओमशान्ति आधारभुत विद्यालय	पदमपुरडब्बा	६	६	३	६	४३९	४५६५८३४

३०	श्रीसिदार्थ आधारभुत विद्यालय	खालेपुर्वा	५	४	२	४	२४६	३३४२५७५
३१	श्री नेपालराष्ट्रिय माध्यमिक विद्यालय	प्रयागपुर	११	११	३	८	१००८	९८४५१४९
३२	श्रीछत्रपालमेवालाल बबई आ.बि.	रत्नापुर	४	४	३	५	३०९	३८४८६३०
३३	श्री मथुराहरिद्वार आधारभुत विद्यालय	मन्द्राजपुर	५	५	३	६	३१७	४१६७२९५
३४	श्रीगौरीशंकर माध्यमिक विद्यालय	डल्लापुर	९	९	१	६	५८३	७७९६१६७
३५	श्री भादाआधारभुत विद्यालय	इन्द्रपुर	४	४	२	५	१५९	२९३१६१३
३६	श्री गणेशआधारभुत विद्यालय	गणेशपुर	४	४	२	५	१८५	३१४४९८३
३७	श्रीहिमालय आधारभुत विद्यालय	लालपुर	५	५	२	६	२६१	४१३५१०६
३८	मदरसासफदरुल इस्लाम आधारभुत	जिगरिया	०	०	१	१	८२	८०२४६१
३९	मदरसाहिमायते इस्लामिया गौसुलउलुम	सडकलालपुर	१	१	१	२	१०९	१३४९०७१
४०	श्रीसिर्जना आधारभुत विद्यालय	जोशीपुर	४	४	२	५	९८	२७८७९३५
४१	श्री नेपालराष्ट्रिय माध्यमिक विद्यालय	भैंसाही	१२	१२	३	७	४१०	८९११९८२
४२	श्री आधारभुत विद्यालय	दुधा	५	५	३	६	४२९	५५७५१३३
४३	श्रीगोरखकाली आधारभुत विद्यालय	कालिनगर	४	४	१	४	९४	२६७१७७९
४४	श्रीकुम्भर आधारभुत विद्यालय	बिक्री	३	३	१	२	६७	२२३८९०४
४५	मदरसाअलजमिया रसुल उलुम	उचवालालपुर	०	०	१	१	१५७	११३३४९६
४६	मदरसादरुलउलुम फैजमे गौसुलबार	दुधा	०	०	१	१	११३	९७२०४२
			२९३	२९१	१२९	२५०	१६५४८	२४५७३३१४३

६१ **स्थानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र विद्यालयहरुसँग समन्वय गरि मौज्दातको स्थिति समेत यकिन गरि वितरण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । नगरपालिकाले तोकिएको कार्यक्रमलाई प्राप्त रकम खर्च गर्दा कार्यक्रमको कार्यविधिमा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । नगरपालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार स्यानिटरी प्याड खरिद नगरि विद्यालयलाई नै खरिद गरी निशुल्क वितरण गर्न भौ नं ९२, १६३, २१२ र २३५ बाट रु. १२,०१,१३० रकम अनुदान निकासा दिएको देखिन्छ । यसरी बिद्यालयहरुलाई स्यानिटरी प्याड वापत अनुदान निकासा दिँदा विद्यालयमा विगत वर्षको प्याड मौज्दात र विधार्थी उपस्थिति अनुपात समेतलाई ध्यान नदिई निकासा दिएकोले माग उपयोग र आवश्यकता विच तादम्यता मिलेको देखिदैन । साथै विद्यालयले स्यानिटरी प्याड खरिद गरे नगरेको पालिकाबाट कुनै अनुगमन निरीक्षण भएको देखिदैन । विद्यालयले स्यानिटरी प्याड खरिद गरेको भए न्यूनतम गुणस्तर भए नभएकोमा परीक्षण गरेको छैन । यसरी विद्यालयले खरिद गरिएका स्यानिटरी प्याडहरु गुणस्तरयुक्त हुनुका साथै विद्यालयमा वितरण गरेको स्यानिटरी प्याडको सहि सदुपयोग भएको सुनिश्चितता हुनुपर्दछ ।

क) दफा ५ बमोजिम विद्यालयहरुले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने स्यानिटरी प्याड स्थानीय तहमा माग गरी पठाउनेपर्ने र माग भएको संख्यालाई IEMIS तथ्यांकसँग भिडाई आवश्यक हुने संख्यामा स्यानिटरी प्याड उपलब्ध गराउनु पर्नेछ

व्यस्था रहेकोमा पालिकाले स्यानिटरी प्याड खरिद नगरी विद्यालयलाई रकम अनुदान निकास दिएको देखिन्छ । अतः पालिकाले उल्लेखित व्यवस्थापको परिपालना गर्नुपर्दछ ।

ख) दफा दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राखुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाईएन । अतः पालिकाले विद्यालयलाई नै स्यानिटरी प्याड खरिद गरी वितरण गर्न निकासा गरेको रकमको सहि सदुपयोग भए नभएको विश्वास्त हुन सकिएन ।

६२ **दिवा खाजा कार्यक्रमः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रति विद्यार्थी १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको आधारमा निकासा दिने व्यवस्था रहेको छ । सोही बमोजिम पालिकाले ४६विद्यालयलाई भौ.न. १४,५८,१५५,१८७,२१२ र २३८ बाट रु.२,४४,६५,१७५ रकम निकाशा गरेकोमा नमुना छनौटका आधारमा बढी निकासा भएका विद्यालयले पेश गरेको हाजिरी पुस्तिकाको प्रतिलिपी परीक्षण गर्दा केरमेट तथा हाजिरी सच्चाइएको देखिएकोले उक्त निकासा रकम यथार्थ हो होइन एकिन गर्न सकिएन । पालिकाले यथार्थ हाजिरी विवरणका आधारमा दिवा खाजा निकासा दिनुपर्ने तथा प्रतिलिपी सच्याई माग गर्ने विद्यालयलाई जिम्मेवार बनाउनुपर्दछ।

६३ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) :**

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०८०।८१) मा IEMISमा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Cornerव्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMISमा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।

६४ **इन्टरनेट जडान अनुदानः**

कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा इन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु १२ हजार उपलब्ध गराउने र उक्त रकम इन्टरनेट जडान गर्ने, जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ।पालिकाले भौ नं ४१। २०८०।०८।०६ बाट ४६ वटा विद्यालयलाई रु. ५,५२,०००।००रकम अनुदान उपलव्ध गराएकोमा देहायका विद्यालयहरुमा जडान भएको प्रमाण पेश नभएकोले इन्टरनेट जडान भए नभएको एकिन गर्न सकिएन ।तसर्थ सम्वन्धित विद्यालयवाट इन्टरनेट जडान गरेको प्रमाण पालिकामा पेश गरी अनुदानको रकम सहि सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

सि.न.	विद्यालयको नाम	रकम
१	शम्भुशरण मा.वि.	१२०००
२	गणेश विद्यामन्दिर आधारभुत	१२०००
३	शान्ती आधारभुत विद्यालय संगमबस्ती	१२०००
४	नेपाल राष्ट्रिय आधारभुत विद्यालय सुहलेवा	१२०००
५	शान्ती आधारभुत विद्यालय बालापुर	१२०००
६	मदरशा असरफिया मसोदुल उलुम आधारभुत	१२०००
७	देउराली आ वि थपुवा	१२०००
८	सिदार्थ आ.वि.	१२०००
९	गौरीशंकर मा. वि.	१२०००
१०	मदरसा हिमायते इस्लामिया गौसुलउलुम आधारभुत	१२०००
११	सिर्जना आ वि जोशीपुर	१२०००
१२	कुम्भर आ वि	१२०००
१३	मदरसा अलजभिया रसुल उलुम आधारभुत	१२०००
१४	मदरसा दरुलउलुम फेजमे गौसुलबार आधारभुत	१२०००
जम्मा		१६८०००

६५ **विद्यालयको शौक्षिक गुणस्तर एवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शैक्षिक गुणास्तर सुदृढीकरणएवं कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाईप्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा लाइव्रेरी,विज्ञान प्रयोगशाला शिक्षण सिकाईकालागि ICT ल्याब को लागि खर्च गर्ने सकिने व्यवस्था रहेको छ । विद्यालयले उक्त सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरुपुरा गरी सामाग्री खरिद गर्ने र विल, भरपाई, प्रमाणहरु सम्बन्धीत स्थानीय तहमा पेश गर्नुपर्ने तथा उक्त कार्यको स्थानीय तहबाट अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नगर शिक्षा समितिको निर्णय वमोजिम छनोट भएका २ विद्यालयहरु बंगलामुखी थारु मा.वि. लाई विज्ञान प्रयोगशाला निर्माण र हिमाली प्रा.वि. लाई पुस्तकालय निर्माणका लागि भौ.न. ५९, २५१ र २५२ बाट रु. १३,००,००० भुक्तानी दिएकोमा त्यस सम्बन्धी स्रेस्ता परीक्षण गर्दा देहायका व्यहोरा देखिएका छनः

क) विद्यालय छनौटः विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शैक्षिक गुणास्तर सुदृढीकरणएवं कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न विद्यालय छनौट गर्दा स्थानीय तहका सवै माध्यमिक तहले एक पटक अनुदान प्राप्त गरेको सुनिश्चित गरी उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत विद्यालयहरुलाई अनुदान उपलब्ध गराउनुपर्नेमा माध्यमिक तहका विद्यालयहरुले एक पटक पनि अनुदान नपाएको अवस्थामा हिमाली प्रा.वि. लाई छनोट गर्नु कार्यविधि अनुसार भएको देखिदैन । पालिकाले कार्यक्रमको प्रभावकारीताको मुल्याङ्कन नगरी विद्यालयलाई शिक्षण सिकाई अन्तरगत पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माणमा अनुदान उपलब्ध गराएको छ । अत पालिकाले अनुदान उपलब्ध गराउदा तोकिएको मापदण्ड र प्राथमिकता अनुसार विद्यालय छनौट गर्नुपर्दछ ।

ख) **लागत अनुमान तयार नगरी खरिद कार्य नभएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वियन गर्नु र गराउनु पर्ने व्यवस्था रहेको छ । विद्यालयहरुले लागत अनुमान तथा कार्ययोजना तयार नगरी अनुदान खर्च गरेको देखिन्छ । अतः विद्यालयहरुबाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

ग) **अनुगमन नभएकोः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ३१५, मिति २०७९।९।२९ गतेको पत्र बमोजिम विद्यालयमा सूचना प्रविधि प्रयोशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत ICT LABको कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले ICT Lab/LMS Software को स्पेसिफीकेसन बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले स्फेसिपिकेसन अनुसार खरिद प्रक्रिया अबलम्बन गरेनगरेको सम्बन्धमा पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । पालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्विनमा जोड दिनु पर्दछ ।

घ) **प्रतिवेदन पेश नभएकोः** विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने गरेको पाईएन । सम्बन्धित विधालयवाट कार्यक्रम सञ्चालन गरी नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

६६ **विद्यार्थी संख्या भन्दा बढी मात्रामा गुलरिया गाथा छपाईः**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा २० मा प्रदेश तथा स्थानीय तहले यस मापदण्डको प्रतिकुल नहुने गरी सार्वजनिक खर्चको मितव्ययिता र प्रभावकारिता सम्बन्धी मापदण्ड बनाउन सक्ने र नबनेसम्म यस मापदण्डको पालना गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले पालिका भित्रका ४६ विद्यालयका कक्षा १ देखि ८ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी १ गुलरिया गाथा छपाई गरी वितरण गर्न पालिका शिक्षा तर्फको भौ.न. २६,२०८१।०३।०६ बाट रु ९,७६,६९६ खर्च गरेको देखिन्छ। पालिकाले IEMIS २०८१ को विद्यार्थी संख्यालाई आधार लिई छपाई गर्नुपर्नेमा सो नगरी विद्यार्थी संख्या भन्दा बढी पुस्तक छपाई गरेको गरेको पाइयो । यसरी आवश्यकता भन्दा बढी छपाई गरी मौज्दात राख्नु उचित देखिएन । बाँकी पुस्तकको सही सदुपयोग हुनुपर्दछ ।

कक्षा	छपाई संख्या	IEMIS मा विद्यार्थी संख्या	फरक संख्या	दर	रकम
१	१८१४	१५०२	३१२	६४.२६	२००४९
२	१५६७	१३९२	१७५	६९	१२०७५
३	१५३९	१३१६	२२३	७८.५४	१५५१४
४	१४७४	१३७१	१०३	७०.४०	७२५१
५	१३६२	१२९२	७०	६०.१४	४२१०
८	१२१८	१०५६	१६२	१००.१०	१६२१६
जम्मा					**७५३१५**

६७ **शैक्षिक प्रतिवेदनः**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र

त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ । पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन।

६८ **पाठ्यपुस्तक अनुदानमा बढी निकासाः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१. मा सार्वजनिक विद्यालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान वापत शैक्षिक सत्रको शुरुवातमै ७५ प्रतिशत अनुदान निकासा गर्ने र पाठ्यपुस्तक खरिद गरि वितरण भरपाई सहित खरिद गरेको विल भरपाई पेश गरि बाँकी २५ प्रतिशत अनुदान सोधभर्ना गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा केहि विद्यालयहरुको नमुना परीक्षण गर्दा IEMIS २०८१ को विधार्थी सँख्या भन्दा बढी मात्रामा पाठ्यपुस्तक खरिद गरेको विल पेश गरेको आधारमा बढी रकम निकासा दिएकोले उक्त रकम निम्न विधालयबाट असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्छ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले पालिकाले एकिन गरी असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	कक्षा	Emis मा विद्यार्थी संख्या	विलमा विद्यार्थी संख्या	बढी विद्यार्थी संख्या	दर	बढी निकासा
गणेशपुर विध्यमन्दिर आ वि	२	४१	४३	२	५५६.८	१११३
	३	३५	३९	४	५८०.८	२३२२
	४	३९	४०	१	५९६.२	५९६
	५	३४	३७	३	६३२.५	१८९८
वंगलामुखी राधाकृष्ण थारु मा वि	५	७७	८१	४	६३२.५	२५३०
गौरी शंकर मा वि	५	६९	७१	२	६९२.५	१३८५
	६	११६	११७	१	७०७.३	७०७
	९	५०	५१	१	७७०	७७०
ध्रुव माध्यमिक विद्यालय	१	२०	२५	५	५२०.८०	२६०४
	२	१९	२६	६	५५६.८०	३३४०
	४	२८	३०	२	५८०.८०	११६१
	५	२८	३५	७	६३४	४४३८
	८	७०	७६	६	८८२	५२९२
त्रिशक्ति मा वि कमलपुर	१	१५	२५	१०	५२०.८	५२०८
	२	१९	२५	६	५५६.८०	३३४०
	३	२३	२५	२	५८०.८	११६१
	४	३१	३५	४	५९७	२३८०
	५	२६	३०	४	६३४	२५४४
	६	५६	६०	४	७०७	२८२८
	७	५५	६०	५	७४८	३७४०
	८	४५	५०	५	८७८.९	४३९४
	९	४०	५०	१०	८४६	८४६०
जम्मा						६२२११

असुल गर्नुपर्ने	६२,२११

६९ **पालिका अनुदानबाट शिक्षक तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। सो बमोजिम नेपाल सरकारले माध्यमिक तहसम्मका स्वीकृत दरबन्दीका शिक्षकको तलब भत्ता वापतको रकम अनुदान दिदै आएको छ। नगरपालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरबन्दी स्थायी र करार मार्फत पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत नगरपालिकाबाट निर्णय गराई बजेट विनियोजन गरी विद्यालयलाई तलब भत्ता शिर्षकमा अनुदान दिइएको देखिन्छ। पालिकाको स्वीकृत दरबन्दी बेगर पालिकाबाट तलब भत्ता खाने गरी पालिकाभित्रका ४६ विद्यालयमा ४८ जना शिक्षक नियुक्ति गरी मासिक रु.१२,८७,८०६ का दरले चाडपर्व र पोशाक खर्च समेत वार्षिक रु.१,७२,२१,४७९ राजस्व वाडफाँड (संघिय सरकार)

स्रोतबाट खर्च व्यहोर्ने गरी निकासा दिई खर्च लेखेको देखिन्छ । अनुदान पश्चात सामुदायिक विद्यालयको शैक्षिक सुधारको सम्बन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई नगरपालिकाको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्बन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन। पालिकाले सार्वजनिक स्रोतको खर्च पश्चात सोको प्रतिफलको अध्ययन गरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नु उचित देखिदैन।

भौ न ।मिति	**विवरण**	**रकम**
२,२०८०।०६।१७	करार सेवा शुल्क नगर शिक्षक तथा कर्मचारीको प्रथम त्रैमासिक	५३५४१००
७,२०८०।०९।०२	करार सेवा शुल्क नगर शिक्षक तथा कर्मचारीको दोस्रो त्रैमासिक	३९७८०००
१४,२०८०।१२।३०	करार सेवा शुल्क नगर शिक्षक तथा कर्मचारीको तेस्रो त्रैमासिक	४२५३३३४
२५,२०८१।०२।२८	करार सेवा शुल्क नगर शिक्षक तथा कर्मचारीको चौथो त्रैमासिक	३६,३६,०४५
जम्मा		१,७२,२१,४७९

७० **कालो सुचीमा राख्नुपर्ने फर्मबाट पटक पटक खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) (ख) मा दफा २७ वा ३८ वमोजिम स्वीकृतिका लागि छनोट भएका वोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा त्यस्तो आपूर्तिकर्ता, निर्माण व्यवसायीवा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्ष देखि तीन वर्षसम्म कालो सूचीमा राख्न सक्ने व्यवस्था छ। पालिकाले ठेक्का न.MG/G/SQ/GNP/01/080-81बाट औषधी खरिदका लागि ईविडिङ गर्दा सारभुत रुपमा प्रभावग्राही न्यूनतम कबोल गर्ने सिर्जना मेडिसिन सप्लायर्सलाई छनोट गरी मिति २०८०।०६।२५ मा १५ दिनभित्र खरिद सम्झौता गर्न पत्र पठाएकोमा सम्झौता गर्न नआएकोले निजको जमानत रकम रु.३९,००० जफत गरी दोस्रो न्यूनतम कबोल गर्ने चुनचुन फार्मेसीसँग खरिद सम्झौता गरी भौ.न. १३६, २०८०।११।०८ बाट रु. ६,२७,४७४ को औषधी खरिद गरेको देखिन्छ। यसरी सम्झौता गर्न नआउने सिर्जना मेडिसिन सप्लायर्सलाई कालो सुचीमा राख्ने प्रक्रिया अगाडि बढाउनुपर्नेमा पून भौ.न. १४२,२०८०।११।२३ मा ठेक्का न.MG/G/SQ/GNP/02/080-81बाट ईविडिङ गरी सबै भन्दा कम कबोल गर्ने सिर्जना मेडिसिन सप्लायर्सलाई नै छनोट गरि रु. ४,२९,६९० र भौ.न. २२१,२०८१।०३।११ बाट पून सोही फर्मसँग रु. ८,२५,०२३ कोटेशन मार्फत खरिद गरी जम्मा रू. १२,५४,७१३ को औषधी खरिद गरको छ । पालिकाले औषधी एंव सर्जिकल सामाग्री खरिद गर्दा दोस्रो ई-विडिङ मार्फत सिर्जना सप्लायर्ससँग खरिद गरेको र पछि सोहि फर्मसँग सोझै खरिद गरेकोमा एउटै औषधी निम्नानुसार फरक दरमा खरिद गर्दा रु. ५,२८,५७२ व्ययभार परेको देखिनुका साथै पहिलो ठेक्कामा कार्य नगरेकोले धरौटि जफत भएको फर्मलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलयमा सिफारिस नगरी औषधी तथा सर्जिकल उपकरण खरिद गरी रु. १२५४७१३ खर्च गरेको देखिएको अनियमित रु.

सि.न.	औषधीको नाम	सोझै खरिदको परिमाण	सोझै खरिद गर्दाको रेट	इविडिङ मार्फत खरिदको रेट	फरक दर	रकम
१	Azithromicin 500 mg tab	४०००	२९.३०	१०	१९.३४	७७३६०
२	Azithromicin 250 mg tab	१५००	१५.८०	६	९.८	१४७००
३	Amloddipine 5 mg cap	१००००	४.८५	०.३२	४.५३	४५३००
४	Amoxycilin 500 mg cap	६०००	७.९०	३.४५	४.४५	२६७००
५	Amoxycilin 250 mg cap	५०००	४.८८	२.१०	२.७८	१३९००
६	Amoxycilin 125 mg cap	५०००	२.९३	१.३०	१.६३	८१५०
७	Amoxycilin 125 mg 60 ml syp	८००	७८	२३	५५	४४०००
८	Cetrizine 10 mg tab	२०००	३.७८	०.२५	३.५३	७०६०
९	Cetrizine 5mg/5m/syp.ph.	३००	४८.७०	१२	३६.७	११०१०
१०	Ciprofloxacin 250 mg tab	५०००	४.९३	२.८०	२.१३	१०६५०
११	Ciprofloxacin 500 mg tab	५०००	७.८३	३.८०	४.०३	२०१५०
१२	CiprofloxacinE/E Drop vial	५००	२९.५६	३.८०	२५.७६	१२८८०
१३	Doxycypcline 100mg cap	३५००	५.८८	१.८५	४.०३	१४१०५
१४	Flucoriazole 150 mg cap	२००	२३	३.६०	१९.४	३८८०
१५	Hyoscine 10 mg tab	२९००	१४.९०	२.५०	१२.४	३५९६०
१६	Ibuprofen 400 mg tab	१००००	१.९६	०.७५	१.२१	१२१००
१७	Metformin 500 mg tab	७००१	१.९४	०.६५	१.२९	९०३१
१८	Metronidazole 400 mg tab	३०००	३.९३	०.८५	३.०८	९२४०
१९	ORS Sachet pkt	५०००	९.४५	५.५०	३.९५	१९७५०
२०	Paracetamol 500 mg tab	३०२००	०.९२	०.८५	०.०७	२११४
२१	Paracetamol 125 mg syp	५००	२५	१२	१३	६५००
२२	Permethrinlotion 5% ph	१००	१४८	४०	१०८	१०८००
२३	Povidine solution 5% bottle	६२	३०६	११०	१९६	१२१५२
२४	Ranitialine 150 mg tab	१५०००	१.९१	०.८५	१.०६	१५९००
२५	Vitamin B complex tab	१५००६	३.८६	०.५०	३.३६	५०४२०
२६	Bandagethan 18m*90cm	५०	४१०	१३०	२८०	१४०००
२७	Disposable syringe 3ml pcs	४००	४	२.५५	१.४५	५८०
२८	Disposable syringe 5ml pcs	४००	४	२.८०	१.२	४८०
२९	Surgical gloves 6.5/7 no pcs	६००	२८	१५	१३	७८००
३०	Zine 20 mg tab	३५००	३.९०	०.५०	३.४	११९००

जम्मा	५,२८,५७२

अनियमित भएको	१२,५४,७१३

७१ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकामा यस वर्ष प्रसुति संख्या ४४२ मात्र रहेको अभिलेखबाट देखिन्छ । पालिकाको ३ वटा बर्थिङ सेन्टरमा गत वर्षको मौज्दात ४०२ थान र पालिकाको भण्डारणमा २२९ थान समेत जम्मा ६३१ थान मौज्यात रहेकोमा यस वर्ष ४४२ थान वितरण गरी १८९ थान मौज्यातमा रहेको देखिन्छ । पालिकाले माग र आवश्यकतालाई मध्येनजर नगरी यस वर्ष पनि भौ.न. २१६,२०८१।०२।०१ मा हरिभक्त मेडिटेक सप्लायर्सबाट रु. २९९९४७ मा ३३६ थान न्यानो झोला खरिद गरेको देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । पालिकाले खरिद गरेको ३३६ थान न्यानो झोलामध्ये १३६ थान ३ वर्थिङ सेन्टरमा हस्तान्तरण गरेको र बाकी २०० थान न्यानो झोला पालिकाको भण्डारमा मौज्दातमा रहेका छन् । यस आ. ब. मा ३ वर्थिङ सेन्टरमा ३२५ थान र पालिकामा २०० गरी कुल ५२५ थान न्यानो झोला मौज्यातमा रहेको देखिन्छ । तसर्थ पालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ साथै लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७२ **स्वास्थ्यकर्मीहरुको तलबी प्रतिवेदनः**

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को ७ (क) मा स्वास्थ्य चौकी तथा अस्पतालमा स्थायी दरवन्दीमा रहेका स्वास्थ्यकर्मीहरुलाई तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष स्थायी दरवन्दीमा कार्यरत ३ वटा स्वास्थ्य चौकी सहित ९ आधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुको तलवी प्रतिवेदन पारित गराई तलब खर्च लेखुपर्नेमा तलबी प्रतिवेदन पारित नगराई वार्षिक रु १,६९,३९,९७७ तलब खर्च लेखेको देखिन्छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भता ग्रेड भुक्तानी हुन सक्ने भएकोले ग्रेड रकम यकिन गर्न सकिएन । तसर्थ तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७३ **थप व्ययभारः**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन २०८० को अनुसूची १ मा स्थानीय स्तरमा संचालित तालिम तथा गोष्ठीमा स्रोत व्यक्ति वा सहजकर्ताको रुपमा कार्य गरे वापत प्रति सेसन रु. ६०० का दरले भुक्तानी दिनुपर्ने व्यवस्था छ। साथै नगरपालिकाले नितिगत निर्णय गरी निर्णय नम्बर ४६ मा सहजकर्ता वापत प्रति सेशन रु. १५०० सम्म दिन पाउने व्यवस्था गरेको छ । पालिकाले देहाय वमोजिमका संघीय सशर्ततर्फको तालिम गोष्ठी संचालन गर्दा संघीय मार्गदर्शन बमोजिम नगरी पालिकाको निणर्य बमोजिम गरेकोले संघीय सरकारलाई थप व्ययभार परेको रु

कार्यक्रम	दिन	दिएको दर	दिनुपर्ने दर	रकम
कम्युनिटी डट्स कार्यक्रम	१२ दिन	१५००	६००	१०८००
पूर्ण खोप सुद्धढीकरण तथा दिगोपना पालिका स्तरीय अभिमुखिकरण कार्यक्रम	१५दिन	१५००	६००	१३५००
क्षयरोग विरामी खोज पड्ताल सम्बन्धी अभिमुखिकरण कार्यक्रम	१३ दिन	१५००	६००	११७००
समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण घरदैलो कार्यक्रम	९ दिन	१५००	६००	८१००
जम्मा				**४४१००**

अनियमित भएको	४४,१००

७४ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरुवाट रु. २८,४१,०३२ को औषधी ईविडिङ र कोटेशन द्धारा खरिद गरेको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले हस्तान्तरण गरेको औषधी सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधी नागरिकलाई निःशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

गो भौ न ।मिति	आपूर्तिकर्ताको नाम	खरिद विधि	रकम
१३६,२०८०।११।२३	चुनचुन फार्मेसी	ईविडिङ	६३७४७४
१४२,२०८०।११।०८	सिर्जना मेडिसिन सप्लायर्स	ईविडिङ	४२९६९०
२२१,२०८१।०३।११	सिर्जना मेडिसिन सप्लायर्स	कोटेशन	८२५०२३
सशर्त१२४,२०८०।०७।२२	नारायणी आयुर्वेद फर्मा (आयुर्वेद औषधी)	कोटेशन	४९९८४५
पालिका८७,२०८१।०३।१२	नारायणी आयुर्वेद फर्मा (आयुर्वेद औषधी)	कोटेशन	४४९०००
जम्मा			२८४१०३१

· औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

· औषधी खरिदका लागी लागत अनुमान तयार गर्दा स्वास्थ्य विभागको स्विकृत दररेटलाई आधार नलिएको,

· औषधी खरिद गर्दा एकमुष्ठ ईविडिङ नगरि विभिन्न समयमा कोटशन लिने गरेको,

· रु. ६,३७,४७४ को चुनचुन फार्मेसीवाटईविडिङ मार्फत खरिद गरेकोमा पुन औषधी खरिद गर्दा पहिलेको ईविडिङकै आधारमा स्विकृत दररेटमा खरिद गर्नुपर्नेमा सिर्जना मेडिसिन सप्लायर्सवाट ईविडिङबाट रु. ४,२९,६९० र सोही फर्मबाट कोटेशनद्धारा रु. ८,२५,०२३ को औषधी गरिद गरेकोले औषधी खरिदमा एकरुपता नदेखिएको,

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार **LMIS** मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७५ **पशुजन्य औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँ सम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले सर्शत र पालिका पशु चालु शिर्षक तर्फ देहायका भौचरबाट पशुजन्य औषधी रु. ११,८२,५००।०० को पशुजन्य औषधी खरिद गरेको छ । पालिकाले खरिद गरेको पशुजन्य जिन्सी खातामा आम्दानी बाँधीपशु पालक किसानहरुलाई निःशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

गो भौ न ।मिति	विवरण	फर्मको नाम	रकम
पालिका ४३,२०८१।०२।०६	पशुपन्छीको औषधी खरिद	कान्तिपुर एग्रोभेट सप्लायर्स	८५००००
सशर्त १८३,२०८१।०२।०६	पशु रेबिज खोप खरिद	कान्तिपुर एग्रोभेट सप्लायर्स	१५७५००
सशर्त २०२,२०८१।०३।०५	लम्पी भ्याक्सीन खरिद	कान्तिपुर एग्रोभेट सप्लायर्स	१०००००
पालिका ५६,२०८१।०३।०५	लम्पी भ्याक्सीन खरिद	कान्तिपुर एग्रोभेट सप्लायर्स	७५०००
जम्मा			**११,८२,५००**

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको प्रमाण पेश नभएको साथै औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने गरेको पाइएन । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७६ **कृषि अनुदानः**

सरकारीअनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवंअनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धिआए नआएकोसंवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ।यस वर्ष संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन।

भौनं	विवरण	रकम
पा.कृ.१५,२०८०।१०।२२	बाली संरक्षणको लागि विषादी तथा फेराम्यान ट्याव निशुल्क वितरण	४३९१९०
पा.कृ. ३१,२०८१।०१।१०	कषि सिँचाइका लागि मोटर वितरण पालिकाको १००% अनुदान	९०००००
पा.कृ. ४१,२०८१।०३।२०	नगर प्रमुख बगर खेति प्रर्वध्न अनुदान पालिकाको ५०% अनुदान	५९००००
पा.म. ३,२०८१।०३।१७	२५ जनालाई बाख्रापालन बंगुरपालन र माछापालन अनुदान	६५००००
२३९,२०८१।०३।१८	धान पकेट कार्यक्रमको निरन्तरता ५०% संघिय अनुदान	४९५०८३
६४४।२०८०।१२।७ नपा चालु	वडा नं १३ का मुक्त कमलरीलाइ बंगुरको १० पाठा वितरण	५००००
६८४।२०८०।१२।१५ नपा चालु	वडा नं २ कमलरीलाइ बाख्रा १० पाठा वितरण	५००००
नपा चालु	वडा नं २ का दलितलाइ १० बाख्रा पाठा वितरण	५००००
८७६/२०८१।२।२३	वडा नं ६ कृषकलाई विउ वितरण	४९५९०
९७४।३।१२	बेमौसमी तरकारी खेतीको तालिम तथा वीउ वितरण	१५००००
जम्मा		**३४२३८६३**

यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।

· अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

· अनुदानमा खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।

· अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन । वाख्रापालन कार्यक्रम, बंगुरपालन कार्यक्रम माछापालन कार्यक्रममा नगद नै प्रति व्यक्ति रु. २६,००० वितरण भएकोमा अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।

७७ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १२ वटा वडा कार्यालय रहेकोमा ९ वटा वडामा १८ योजनाहरु सञ्चालन गरी ८४६ सुचिकृत बेरोजगार मध्ये यस वर्ष ६३ जनालाई औसत १०० दिनले ६३०० दिन रोजगारी उपलव्ध गराई रु. ४१,४८,९४८ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।

७८ **लघु उद्यम विकास मोडेलः**

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम निर्देशिका २०७७ को दफा २२ मा स्थानीय तहले नयाँ लघु उद्यमी सिर्जना सम्बन्धी कार्यक्रम संचालन गर्दा अनुसूची ९ मा उल्लेख भए वमोजिम गर्नुपर्ने व्यवस्था छ । साथै दफा २५ मा लक्षित वर्गमा बेरोजगारी गरिबीको रेखामुनिको परिवार भनी ठहरिएका परिवारलाई लक्षित समूह मानी सोही समूहका सदस्यलाई सम्भाव्य लघु उद्यमीको रूपमा पहिचान गर्नु पर्ने र (गरिबाको रेखामुनि रहेका, महिला, दलित, जनजाति, मुस्लिम, थारू सिमान्तकृत, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र अति गरिब) को अनुपातको आधारमा लघु उद्यम विकास कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्देशिका वमोजिम लघु उद्यमीको पहिचान र छनौट नगरी भौ.न. २२२, २०८१।०३।११ बाट सहकारीका शेयर सदस्यलाई ५ दिने उद्यमशिलता तालिम संचालन वापत रु. १,३१,५८५ खर्च लेखेको देखिन्छ । यसरी कार्यविधि अनुसार लघु उद्यमीको मापदण्ड वमोजिम सहभागी छनौट नगरी सहकारीसँग समन्वय गरी तालिमका कार्यक्रम संचालन गर्दा बास्तविक लक्षित समुह उद्यमशिल, व्यवसायिक र प्रविधि हस्तान्तरणबाट बञ्चितिमा पर्ने हुदा यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

७९ **प्रिमिक्स कार्पेटः**

सडक विभागवाट जारी भएको स्टयान्डर्ड स्पेसीफिकेशन अफ रोड एण्ड ब्रिज २०७३ (दोस्रो संशोधन २०७८) को१३१० खण्डमा ओपन तथा क्लोज ग्रेड प्रिमिक्स कार्पेटको मोटाई २०mmहुने उल्लेख छ ।नगरपालिकाले देहायका सडक योजनामा स्पेसीफिकेशनले तोके भन्दा बढी मोटाईको प्रिमिक्स कार्पेटको काम गराई भुक्तानी गरेको देखिन्छ । यसरी स्टयान्डर्ड स्पेसीफिकेशनमा तोकेको भन्दा बढी मोटाईको कार्य गरी भुक्तानी गर्दा पालिकालाई थप व्ययभार परेको देखिएको रु.

योजनाको नाम	भुक्तानी भएको परिमाण	स्पेसीफिकेशन अनुसार हुनुपर्ने परिमाण	फरक परिमाण	दर	रकम
ध्रुव मा वि देखि बेचैपुर जोड्ने सडक कालोपत्रे	२३.८५ घ.मि.	११.९ घ.मि.	११.९५ घ.मि.	१५०००	१७९२५०
खोलेपुरुवा देखि काला बन्जर जाने बाटो कालोपत्रे	१९.१३ घ.मि.	१२.७५ घ.मि.	६.३८ घ.मि.	१६०००	१०२०८०
भौसाही गाँउदेखि कालिनगर जाने सडक कालोपत्रे	२६.७६ घ.मि.	१७.८४ घ.मि.	८.९२ घ.मि.	१३०००	११५९६०
जम्मा					३९७२९०
मुल्य अभिबृद्धि कर					५१६४८
कुल जम्मा					४४८९३८
				अनियमित भएको	४,४८,९३८

८० **सहकारी अवलोकन भ्रमणः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९९५० मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो भौ नं ६९,२०८०।०३।२० बाट सहकारीको सदस्यहरुलाई सुर्खेत, जाजरकोट, रुकुम, रोल्पा हुदै गुलारियासम्मको भ्रमण गराए वापत भौ।न। ६९,२०८१।०३।२० बाट कपिल घिमिरेलाई रु. २७५७३० भुक्तानी दिएको छ । पालिकाले ३५ जना सहकारीका शेयर सदस्यलाई भ्रमणका लागि उल्लिखित स्थानमा लगेको खर्च लेखेकोमा उक्त स्थानमा भ्रमण गरेको फोटो लगायत अन्य प्रमाण संलग्न गरेको छैन । यसरी अवलोकन भ्रमण गरेकोमा भ्रमण गरेको स्थानको फोटो, भ्रमण गर्नुको लक्ष्य, उद्वेश्य तथा कार्ययोजना एवं प्राप्त उपलब्धी तथा ज्ञान, सिकाइ सहितको भ्रमण प्रतिवेदन उपलब्ध नभएबाट सो कार्यक्रम भए नभएको एकिन हुन सकिएन । अतःअवलोकन भ्रमणको खर्चको सुनिश्चितता हुने प्रमाण अभिलेख राख्नुपर्दछ ।

८१ **तालिम सञ्चालनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था छ साथै सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डको बुँदा नं. १०(२) मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ ।यस वर्ष विभिन्न विषयगत तालिममा रु. १०,९७,०८६ खर्च लेखेको छ । पालिकाले तालिम सञ्चालन पश्चात तालिमको उपलव्धी तथा सोबाट सिर्जित रोजगारी तथा राजश्व आम्दानी सम्वन्धमा हालसम्म कुनै प्रतिवेदन तयारी गरेको देखिदैन । हरेको वर्ष तालिम तथा कार्यक्रममा रकम खर्च हुदै आएकोमा सोको समिक्षा गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने प्रकृतीका तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

भौ.न.	तालिमको विवरण	खर्च रकम
पालिका २५,२०८०।१२।१३	सिजनल घुम्ती १ दिने तालिम	१८००००
पालिका ३२,२०८१।०१।१७	१ दिने वगर खेति तालिम	९००००
पालिका ३३, २०८१।०१।१७	महिला सहकारीका पदाधिकारीलाई नेतृत्व तथा क्षमता विकास तालिम	९००००
पालिका ३६,२०८१।०१।२४	महिला पुरुष समविकास तथा सशक्तिकरण सहकार्य तालिम	१०००००
पालिका ४०,२०८१।०२।०१	महिला समुह समितिका पदाधिकारीहरुलाई अनुशिक्षण तालिम	१०००००
पालिका ६५,२०८१।०३।१७	मागमा आधारित सीप विकास केराको परिकार बनाउने तालिम	२१७७९६
पालका ७१,२०८१।०३।२१	लैंगिक समानता र समावेशीकरण कार्यक्रम संचालन	१०००००
सशर्त २०७,२०८१।०३।०६	कृषि जैविक विविधता रैथाने वाली उत्पादन तथा उपभोग तालिम	१७९२९०
जम्मा		**१०५७०८६**

८२ **सामाजिक सुरक्षा भत्ता:** पालिकामा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा तर्फ जम्मा रु २२,३७,९३,००० निकासा भएकोमा रु ३२,९२,४५६ फिर्ता भई रु २२,०५,००,५४३ खर्च भएको छ ।यस सम्बन्धि देखिएका थप व्यहोराहरु निम्नानुसार छनः

८२.१ सार्वजनिक सुनुवाई - गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ।

८२.२ अनुगमन तथा निरीक्षण सम्बन्धि व्यवस्था : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७(३) मा सामाजिक सुरक्षा कार्यकमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ। सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अधावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । कार्यविधिले गरेको व्यवस्था अनुसार सुरक्षा भत्ता वितरण कार्य प्रक्रियाको नियमित अनुगमन तथा निरीक्षण गरिनु पर्दछ।

८३ **राजश्व परामर्श समिति**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन।अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

८४ **आयको अनुमान र प्राप्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत

शिर्षकबाट देहाय बमोजिमको अनुमानित राजश्व र असुलीको विवरण पेश गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आन्तरिक आय अभिवृद्धि तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

क्रस	आय शिर्षक	अनुमानित रु	संकलित रु
१	व्यक्तिगत सम्पत्तिमा लाग्ने		४०
२	एकिकृत सम्पत्ति कर	७०,००,०००	८३,३६,०१६
३	भुमिकर/मालपोत	२,००,०००	१६,६०१
४	घरबहाल कर	३०,००,०००	३७,०६,०४३
५	वहाल विटौरी कर	१,००,०००	३१,३४,९६९
६	करअन्य		५,१७०
७	अन्य मनोरञ्जन कर		७५,०८५
८	सरकारी सम्पत्ति बहालबाट प्राप्त आय	४०,००,०००	६५,३९,६५१
९	अन्य बिक्रीबाट प्राप्त	३,००,०००	१००
१०	विद्युत सेवा शुल्क		७७,८६०
११	अन्य सेवा शुल्क	३०,००,०००	२१,२२,३५९
१२	न्यायिक दस्तुर	५०,०००	६,८१०
१३	अन्य प्रशासनिक सेवा शुल्क	८,००,०००	५,५७,३६५
१४	नक्सापास दस्तुर	१८,००,०००	१३,२०,८२३
१५	सिफारिश दस्तुर	५०,००,०००	३४,५५,०११
१६	व्यक्तिगत घटना दर्ता दस्तुर	१०,००,०००	१२,१०,०००
१७	नाता प्रमाणित दस्तुर	२,००,०००	१,८६,४००
१८	अन्य दस्तुर	१६,००,०००	१७,८८,८७९
१९	प्रशासनिक दण्ड, जरिवाना र जफत	१०,००,०००	२,६३,५५६
२०	प्रदुषण नियन्त्रण शुल्क		७,२००
२१	अन्य राजस्व	१,००,०००	११,२३५
२२	व्यवसाय कर	१७,००,०००	१८,११,२३५

८५ **सेवा प्रवाह र आम्दानी**

पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

८६ **उत्खनन परिमाण**

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले एक बर्षमा बबई नदीको विभिन्न घाटबाट २८,६०,११० घनफिट नदीजन्य पदार्थ उत्खनन हुन सक्ने उल्लेख गरेतापनि पालिकाले बबई नदीको जब्दीघाट, बालारामपुरघाट र बिक्री घाटमा ३,२७,३१३ घन फिट नदीजन्य पदार्थको परिमाण लागि मात्र ठेक्का लगाएको पाइयो । ठेक्का आव्हानको सूचना निकाल्दा प्राय प्रस्तावहरु नपर्ने समस्या रहेको पालिकाले जनाएको छ । यसरी सम्भाव्य परिमाण बिक्री हुन नसक्दा नगरपालिकाको आन्तरिक आयमा कमी भएको देखिन्छ । पालिकाले तिनवटा घाटमा ३,२७,३१३ घनफिटको ठेक्का लगाएको भएतापनि कति परिमाणमा उत्खनन भयो भनी प्राविधिक रुपमा मापन नगरेकोले ठेक्का प्राप्तकर्ताले सम्झौतामा उल्लिखित परिमाण नै उत्खनन गरेका थिए भनी आश्वस्त हुन सकिएन । परिमाण तोकी ठेक्का लगाउने तर कति उत्खनन भयो भनी एकिन नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।

८७ **कम राजस्व**

मुल्य अभिवृद्धि कर ऐन 2052 को दफा 15(3) को प्रावधान अनुसार स्थानीय तहले मुल्य अभिवृद्धि कर लाग्ने बस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नुपर्ने व्यवस्था छ ।पालिकाले नदिजन्य पदार्थको लागि तिनवटा ठेक्का लगाएकोमध्ये निम्नानुसारका दुइवटा प्रस्तावदाताको कबोल अंकमा मूल्य अभिवृद्धि कर समेत समावेश रहेको भनी सोही अनुसार राजस्व असुल गरेको छ । यसरी असुल गर्दा घटी असुल भएको रु २,४९,७३३ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

क्र. सं	ठेक्का स्थान	प्रस्तावदाताको नाम	प्रस्तावदाताको कबोल अंक (१० प्रतिशत छुट पछीको)	मूल्य अभिवृद्धि कर	असुल हुनुपर्ने रकम रु	असुल भएको रकम रु	कम असुल रु
१	जब्दीघाट	रमेश रावल	७११००	९२४३	८०३४३	८२५५५	–
२	बालापुरघाट	सरस्वती कन्स्ट्रक्सन	९०००००	११७०००	१०१७०००	९१५०००	१०२०००
३	बिक्री घाट	भवानी सेटरिङ्ग सेवा सेन्टर	१४४१७५५	१८७४२८	१६२९१८३	१४८१४५०	१४७७३३
जम्मा							**२,४९,७३३**

असुल गर्नुपर्ने	२,४९,७३३

८८ **विज्ञापन कर**

अभिवृद्धि कर ऐन 2052 को दफा 15(3) को प्रावधान अनुसार स्थानीय तहले मुल्य अभिवृद्धि कर लाग्ने बस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नुपर्ने व्यवस्था छ । यो बर्ष पालिकाले आरती एड्भरटाइजिङ्ग विराटनगर बाट विज्ञापन करको ठेक्का बापत रु ३,०१,००० संकलन गरेकोमा कानूनको उक्त प्रावधान बमोजिम मूल्य अभिवृद्धि कर संकलन गरी राजस्व खातामा दाखिला गरेको पाइएन । तसर्थ १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु ३९,१३० असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३९,१३०

८९ **यन्त्र उपकरण सञ्चालन**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले आफ्नो स्वामीत्वमा रहेका उपकरणहरु सञ्चालन अवधि, स्थान तथा भाडामा लिने व्यक्ति वा फर्मको नामनामेसी समेत खुल्ने गरी अभिलेख राखेको देखिएन भने उपकरणहरु सञ्चालनको अवधि र समय देखिने गरी कुनै विद्युतिय वा म्यानुअल अभिलेख पनि राखेको देखिएन । उपकरण पालिका आफैले सञ्चालन गर्ने र भाडामा सञ्चालन गर्ने सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनबाट पनि सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको देखिएन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था समेत छैन । तसर्थः पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ समेत विश्लेषण समेत गर्नुपर्दछ ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	आय	खर्च	वचत
१.	ट्रिपर २ बटा	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
२.	रोलर	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
३.	एम्वुलेन्स	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
४	दमकल	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
५	ग्रेडर	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको

९० **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रु १८,११,२३५ संकलन गरेतापनि पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक समेत गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

९१ **राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।कार्यालय अन्तर्गत वडाकार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।नमुना परीक्षण गर्दा वडा नं ११ मा रसिद नं ३५३५१- ३५७१९ मार्फत पुस १५ गते सम्मको संकलित राजश्व रु १७,५०३ मिति २०८०।९।२६ मा बैकमा दाखिला गरेको देखिन्छ। अन्य वडा समेतमा ढिला गरी राजश्व रकम बैक दाखिला भएको नभएको सम्वन्धमा कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ ।

९२ **मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा रु ७५,०८५ मात्र कर संकलन गरेको पाईयो । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

९३ **एकिकृत सम्पति कर**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष कुनै पनि कर संकलन भएको देखिएन।पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गुलरिया नगरपालिका, बर्दिया , गुलरिया नगरपालिका , बर्दिया

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	ओमकार शाह	२०७९-११-१५	हाल सम्म कार्यरत
लेखा प्रमुख	रुप सिङ खत्री	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५,३४७,३८७	११,६३४,२०७	६,००८,६५९	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२२,९९०,२५३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२२,९९०,२५३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३१२०१८७२.०६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४५७३५४२१७.१८	**चालु खर्च**	४८०२८२११०.१४
प्रदेश सरकारबाट अनुदान	३७०९७५०७	**पूँजीगत खर्च**	२७८१०९३३९
राजश्व बाँडफाँट	१५०५४४७८३.६६	**वित्तीय/अन्य व्यवस्था**	२४९५७१८७२.४१
आन्तरिक आय	३७०९८८९९.५२		
अन्य आय	२५४४२३१४८.९		
कुल आय	९३६५१८५५६.२६	**कुल खर्च**	१००७९६३३२१.५५
बाँकी मौज्दात		५९७५७१०६.७७	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण भएकोमा उल्लिखित बेहोरा कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।